का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १८, अंक १५०
- २० साउन २०७७, मंगलबार
- 4 August 2020, Tuesday

www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

**अपडेट: सोमबार साँझसम्म**

| | संक्रमित | निको भएको | परीक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|
| नेपालमा | २०७५० जना | १४९६१ जना | ३९८९०७ जना | ५७३२ जना | ५७ जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | १ करोड ८२ लाख ९३ हजार | १ करोड १५ लाख ५ हजार | ६ लाख ९३ हजार | ६० लाख ९३ हजार |

स्रोत : वर्ल्डोमिटर डटकम

## सोमबार थपिए ४१८

लकडाउन खुलेपछि लगातार संक्रमित संख्या बढिरहेका बेला सोमबार एकै दिन ४१८ जनामा संक्रमण पुष्टि भएको छ ।



*रत्नपार्क नजिक बसपार्कमा पार्किङ गरिएका सवारी साधन । तस्वीरः चन्द्रकला क्षेत्री, रासस*

**काठमाडौं/मस-** लकडाउन खुलेपछि लगातार संक्रमित बढिरहेका बेला सोमबार एकै दिन ४१८ जनामा कोभिड-१९ संक्रमणको पुष्टि भएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले नियमित पत्रकार सम्मेलन गरी सोमबार उच्च संख्यामा संक्रमण पुष्टि भएको जानकारी दिएको छ।

राजधानी उपत्यकामा मात्रै बितेको २४ घण्टामा ५१ जनामा संक्रमण पुष्टि भएको छ। प्रवक्ता डा जागेश्वर गौतमका अनुसार, काठमाडौंमा ४३, ललितपुरमा तीन तथा भक्तपुरमा पाँच जनामा संक्रमण पुष्टि भएको छ । यो सहित उपत्यकामा संक्रमित संख्या ६८५ पुगेको छ ।

बितेको २४ घण्टामा सात हजार ६३७ जनाको पीसीआर परीक्षण गरिएको थियो। सोमबार थपिएको सहित नेपालमा संक्रमित संख्या २० हजार ७५० पुगेको छ । सोमबार सबैभन्दा धेरै फेरि पनि पर्सामै संक्रमित पुष्टि भएको छ । पर्सामा थप ७१ ज्नामा संक्रमण पुष्टि भएको मन्त्रालयले जनाएको छ । पर्सामा संक्रमणबाट १० जनाको मृत्यु भएको छ।

सोमबार पर्सा पछाडि सप्तरीमा ५१, मोरङमा ४६, कैलालीमा ३१, महोत्तरीमा ३० र धनुषामा ३० जनामा संक्रमण पुष्टि भएको छ। उपचारत संक्रमित देशभर गरी ५७३२ रहेको प्रवक्ता बाँकी पृष्ठ २ मा

## पहिरोमा पुरिएर आठको मृत्यु

**सिन्धुपाल्चोक/रासस-** मेलम्ची पहिरामा पुरिएर हराएका सबै आठ जनाको शव फेला परेको छ । आइतबार राति आएको पहिरामा परेका आठ जनाकै शव फेला परेको इलाका प्रहरी कार्यालय मेलम्चीका प्रहरी निरीक्षक फलबहादुर तामाङले बताए ।

मृत्यु हुनेमा सात जना वीरगञ्जका र एक जना भारतीय नागरिक छन् । वीरगञ्जका ४२ वर्षीय राजेन्द्र चौरासिया, ३५ वर्षीय प्रदीप चौरासिया, २५ वर्षीय विक्रम थिङ, २३ वर्षीय मानबहादुर रुम्बा, २० वर्षीय सिमन घलान, २१ वर्षीय शिव बालक धामी, १७ वर्षीय सोनाम लामा र एक जना भारतीय नागरिक राजेन्द्र चौधरीको मृत्यु भएको प्रहरीले जनाएको छ । अर्का एक जना भारतीय नागरिक बारु शाहको भने मेलम्ची प्राथमिक स्वास्थ्य केन्द्रमा प्राथमिक उपचारपछि थप उपचारका लागि हेलिकप्टरमार्फत ह्याम्स अस्पताल काठमाडौं ल्याइएको थियो ।

अविरल वर्षासँगै आएको पहिराले सिन्धुपाल्चोकको पाँचपोखरी थाङ्पाल गाउँपालिका-२ बरुवामा पहिराले एक घर पुर्दा दुई जनाको मृत्यु भएको छ। बरुवाको स्वास्थ्य चौकी नजिकै यज्ञबहादुर क्षेत्री बञ्जराको घर पुर्दा अन्दाजी ४० वर्षका बञ्जारा र अन्दाजी ४० वर्षीया उहाँकी श्रीमती लक्ष्मी क्षत्री बञ्जराको मृत्यु भएको वडाध्यक्ष पासाङ बाँकी पृष्ठ २ मा

## समाधानको बाटो

# सचिवालय कि स्थायी कमिटी ?

बरिष्ठ नेता झलनाथ खनाल र संसदीय दलका नेता सुवास नेम्वाङलाई साक्षी राखेर नेकपाका अध्यक्षद्वय केपी शर्मा ओली र पुष्पकमल दाहाल प्रचण्ड बीच सोमबार पनि छलफल भएको छ । दुई घण्टा लामो छलफलमा दुई अध्यक्ष बीच सचिवालय बोलाउने कि स्थायी कमिटी भन्नेमा नयाँ विवाद देखिएको छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १९ साउन ।

नेकपाका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको सर्तअनुसार बरिष्ठ नेता झलनाथ खनाल र संसदीय दलका उपनेता सुवास नेम्वाङलाई साक्षी राखेर बालुवाटारमा नेकपाका दुई अध्यक्ष बीच सोमबार दुई घण्टा बढी छलफल भएको छ । बरिष्ठ नेता खनाल प्रचण्ड पक्षबाट र नेम्वाङ नेकपा अध्यक्ष एवम् प्रधानमन्त्री केपी शर्मा ओलीको पक्षबाट छलफलमा भाग लिएका थिए ।

गएको १३ साउनदेखि सम्वाद समेत हुन नसकेका दुई अध्यक्ष बीच आइतबारकै छलफलले निरन्तरता पाएको थियो । आइतबार झण्डै चार घण्टा बसेका ओली र प्रचण्ड बीच सोमबार दुई घण्टा छलफल भयो । तर, ठोस् सहमति भने जुट्न सकेन । प्रधानमन्त्री ओली र अध्यक्ष प्रचण्डले आ-आफ्नै अडान लिएका छन् ।

तर, सहमति खोज्नकै लागि पनि कसरी अगाडि बढ्ने भन्नेमा भने सहमति जुटेको छ । ओली सचिवालय बैठक बोलाउनुपर्ने पक्षमा उभिएका छन् । आइतबारको सम्वादमा ओलीले महाधिवेशनमा जानुको बिकल्प नभएको बताएका थिए । असार १६ गतेको स्थायी कमिटी बैठकमा ओलीले अध्यक्ष र प्रधानमन्त्री दुवै पदबाट राजीनामा दिनुपर्ने माग उठेपछि नेकपा विभाजनकै नजिक पुगेको छ । तर, प्रधानमन्त्री ओलीले दुवै पद नछोड्ने र अध्यक्ष पद भने एकताको महाधिवेशन पछाडि छोड्ने बताउँदै आएका छन् ।

प्रचण्डसँगको सम्वादमा पनि फागुन वा मंसीरमै महाधिवेशन गर्न तयार भएको र त्यसपछि अध्यक्ष पद छोड्ने बताएका थिए । तर, प्रचण्डले भने गएको असार १० गतेदेखि शुरु भएको स्थायी कमिटी बैठक टुंगोमा पुऱ्याएर मात्रै अगाडि बढ्न सकिने बताएका छन् । सोमबारको भेटमा पनि प्रचण्डले स्थायी कमिटी बैठक अगाडि बढाउनुपर्ने बताएका छन् । तर, प्रधानमन्त्री ओलीले स्थायी कमिटी बैठक बस्नुअघि सचिवालय बैठकमा सहमति जुटाउनुपर्ने बताएका छन् । "दुवै नेताले आफ्नो अडान छोड्नु भएन । प्रधानमन्त्री सचिवालय बैठकको पक्षमा हुनुहुन्छ, तर प्रचण्ड स्थायी कमिटीमै जाऔं भन्दै हुनुहुन्छ", प्रधानमन्त्रीका प्रेस सल्लाहकार सूर्य थापाले भने ।

तर, दुवै अध्यक्ष आज पनि सम्वादलाई जारी राख्न सहमत भएका छन् । आज साँझ ५ बजे फेरि दुई अध्यक्ष बीच सम्वाद हुनेछ । दुवै पदबाट राजीनामा मागिएपछि प्रधानमन्त्री ओलीले कहिले अध्यादेश ल्याएर त कहिले संसद अन्त्य गरेर नेकपामा तरंग ल्याउँदै आएका छन् । गएको साउन १३ गते प्रधानमन्त्रीले एक्लौटी निर्णयको आधारमा स्थायी कमिटी बैठक स्थगित गरेपछि फेरि बैठक हुन सकेको छैन ।



*बालकोटमा प्रधानमन्त्रीः गएको फागुनमा दोस्रो पटक मिर्गौला प्रत्यारोपण गराएपछि पहिलो पटक प्रधानमन्त्री केपी शर्मा ओली बालकोटस्थित आफ्नो निवासमा बालकोट पुगेका थिए । निवासमै आइपुगेका प्रधानमन्त्रीसँग भक्तपुरका सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधिहरू । तस्बिरः प्रधानमन्त्रीको निजी सचिवालय*

## भदौपछि १२ जहाज कम्पनीको उडान भर्ने चासो

# कामदार गन्तव्यमा करिब दश कम्पनी

**सिबी अधिकारी/रासस**
काठमाडौं, १९ साउन

बन्दाबन्दीको झण्डै पाँच महिनापछि सञ्चालन हुन लागेको अन्तर्राष्ट्रिय व्यावसायिक उडानका लागि नेपालका दुईसहित १२ वटा वायुसेवा कम्पनीले चासो देखाएका छन् । नियामक नेपाल नागरिक उड्डयन प्राधिकरणका अनुसार साउन १९ सम्म १२ वटा वायुसेवा कम्पनीले नेपालमा अन्तर्राष्ट्रिय उडानका लागि प्रस्ताव गरेका हुन् ।

नेपालका दुईसहित १२ एयरलाइन्सले अन्तर्राष्ट्रिय उडान अनुमतिका लागि प्राधिकरणसमक्ष प्रस्ताव पेश गरेको प्राधिकरणका प्रवक्ता राजकुमार क्षेत्रीले जानकारी दिए । अन्तर्राष्ट्रिय उडानका लागि राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) र निजी क्षेत्रको हिमालय एयरलाइन्स, भारतको इण्डिगो एयर, चीनको एयर चाइना र चाइना साउदर्न, ओमानको सलाम एयर, कुवेतको जजीरा एयर, संयुक्त अरब इमिरेट्स (युएई) को फ्लाई दुबई, मलेसियन एयर, मालिन्दो एयर, एयर अरेबिया र टर्कीको टर्किस एयरलाइन्सले नियमित उडानका लागि प्राधिकरणमा निवेदन दिएका छन् ।

सरकारले भदौ १ गतेदेखि आन्तरिक तथा अन्तर्राष्ट्रिय उडान सञ्चालन गर्ने निर्णय गरिसकेको छ । सोही अनुरुप दुबैतर्फका एयरलाइन्सले आफ्नो उडान तयारीलाई तीव्रता दिएका छन् । प्राधिकरणका प्रवक्ता क्षेत्रीले अन्तर ाष्ट्रिय एयरलाइन्सले शुरुमा एक साताको उडानका लागि निवेदन दिएका हुन् । नेपाल उडान गर्न निवेदन दिएका एयरलाइन्समध्ये मालिन्दा एयरले हप्तामा १५, मलेसियायन एयरले पाँच र एयर अरेबियाले पनि समान उडान गर्ने प्रस्ताव गरेको छ ।

यस्तै फ्लाई दुबई, सलाम एयर, इण्डिगोले सातामा सात/सात वटा, टर्कीले छ वटा, जजीराले दुई वटा, एयर चाइना र चाइना साउदर्न ले सातामा एक/एक वटा मात्रै उडान अनुमति मागेका छन् ।

**निगमले पाँच गन्तव्यमा उडान गर्दै**

राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) ले भदौ १ गतेबाट शुरु हुने अन्तर्राष्ट्रिय उडानका लागि पाँच वटा गन्तव्यमा उडान गर्ने भएको छ । यूएईको दुबई, कतारको दोहा, मलेसियाको क्वालालम्पुर, जापानको नारिता र हङकङमा नियमित उडान गर्ने निगमले जनाएको छ। उडान हुने गन्तव्य निश्चित भए पनि उडान तालिका टुङ्गिन नसकेको निगमका प्रवक्ता अर्चना खड्काले बताए । निगमले उडान गन्तव्य किटान गरी प्राधिकरणबाट अनुमति लिनेछ ।

यता प्राधिकरणले जनाएअनुसार निगमले भारतको नयाँ दिल्लीमा १४, बैङ्लोरमा तीन, मुम्बईमा सात तथा चीनको ग्वाङ्जाओमा तीन, दुबईमा सात, दोहामा सात, क्वालालम्पुरमा सात, बैङ्कक हङकङ र नारितामा समान तीन उडान गर्नेगरी प्रस्ताव आएको छ ।

हिमालय एयरलाइन्सले पनि पाँच वटा गन्तव्यमा सातामा २१ उडान गर्ने तयारी गरेको छ । हिमालयले चीनको बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## मलेसियामा नेपाली कुट्ने नेपाली नै !

**काठमाडौं/मस-** मलेसियामा नेपाली सुरक्षागार्डलाई कुटपिट गर्ने कपिलवस्तुका रामगोपाल मुराउले मलेसियास्थित नेपाली दूतावासमा सम्पर्क गरी मलेसियन प्रहरीसमक्ष आत्मसमर्पण गरेका छन् । गत असार २३ गते मलेसियाको राजधानी क्वालालम्पुरस्थित एक व्यापारिक मलमा ड्युटी गरिरहेका नवलपरासीका इस्लाम हुसेनमाथि अमानवीयरुपमा कुटपिट भएको भिडियो सामाजिक सञ्जालमार्फत सार्वजनिक भएपछि नेपाली दूतावासले प्रहरीमा मराउविरुद्ध मलेसियन प्रहरीमा अनुसनधान र कारबाहीका लागि किटानी उजुरी दिएको थियो ।

पिट्ने मुराउ कपिलवस्तुका र पिटाई सहने हुसेन नवलपरासीका भएकोसमेत खुलेको भन्दै दूतावासले छानविनमा दुवै जना मलेसियाको अध्यागमन कानूनअनुसार ओभरस्टे भई बसेको पाइएको उल्लेख गरेको छ । दूतावासमा दुवै पक्षबीच छलफल भएपछि मुराउले मलेसियन प्रहरीसमक्ष आत्मसमर्पण गरेका हुन् । उनले आत्मसमर्पण गरेपछि मलेसियन प्रहरीले छानविन शुरु गरेको मलेसियाका लागि बाँकी पृष्ठ २ मा

## शुरु भयो प्रक्रिया

आगामी फागुनमा १४औं महाधिवेशन घोषणा गरेको प्रमुख प्रतिपक्षी नेपाली काँग्रेसले महाधिवेशनको प्रक्रिया शुरु गरेको छ ।

**राजेन्द्र प्रजापति/मध्यान्ह**
काठमाडौं, १९ साउन ।

प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसले महाधिवेशनको प्रक्रिया शुरु गरेको छ। आगामी फागुनमा हुने महाधिवेशनका लागि काँग्रेसले प्रक्रिया शुरु गरेको हो । महाधिवेशनका लागि महत्वपूर्ण मानिने क्रियाशील सदस्यता वितरण कार्य काँग्रेसले शुरु गरेको हो ।

प्रवक्ता विश्वप्रकाश शर्माले समायोजन टुंगिएको ६५ जिल्लामा क्रियाशील सदस्यताका लागि फारम पठाउने काम अगाडि बढाइएको छ । काँग्रेसको वडा तहबाट फारम भर्नुपर्ने हुन्छ। पार्टीभित्रको विवादका कारण काँग्रेसको क्रियाशील सदस्यता वितरण कार्य रोकिएको थियो ।

२०७२ मा सकिएको १३औं महाधिवेशनमा काँग्रेसको चार लाख ७० हजारले क्रियाशील सदस्यता फारम भरेका थिए । त्यसमा बिजय गच्छेदारको पार्टी समायोजनका क्रममा २५ हजार क्रियाशील सदस्या दिने सहमति भएको छ । यस्तै अन्य नेताहरुले पनि काँग्रेस गरेकाले यसपटक क्रियाशील सदस्यता बढ्ने अनुमान गरिएको छ ।

एउटा वडामा कम्तिमा ४२ जना क्रियाशील सदस्य हुनुपर्ने काँग्रेस विधान रहेको छ। क्रियाशील सदस्यका आधारमा काँग्रेसको महाधिवेशनमा बाँकी पृष्ठ २ मा

आफ्नो अधिकारको खोजी गर्दा अरूका अधिकार एवं प्रचलित नियम कानुनहरूको ख्याल गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# आफ्नै बचत फिर्ता माग्दा प्रहरी लगाएर पक्राउने धम्की !

**सन्तोष पौडेल/मध्यान्ह**
खोटाङ, १९ साउन

दिक्तेल बजारमा सञ्चालित एक वित्तीय संस्थाका प्रबन्धकले बचत रकम फिर्ता माग्न आएका महिला समूहलाई उल्टै धम्क्याएर फर्काएको पाइएको छ । दिक्तेलस्थित पुरानो बेसक्याम्पमा सञ्चालित एनएमबी माइक्रो फाइनान्स वित्तीय संस्थाका शाखा प्रबन्धक भूपाल खड्काले दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका - १ स्थित लालुपाते महिला समूहमा आवद्ध सेवाग्राहीलाई उनीहरुले गरेको बचत रकम फिर्ता माग्न आएके समयमा प्रहरीलाई पक्राउने धम्की दिएर फर्काएको पाइएको हो ।



वि.सं. २०७४ माघ १५ गतेदेखि गत फागुन १६ गतेसम्म नियमित बचत गर्दै आइएपनि पछिल्लो समय कोरोना महामारीका कारण लामो समयको लकडाउनले गर्दा आगामी दिनमा बचत गर्न नसक्ने अवस्था आएपछि आफूहरुले गरेको बचत रकम फिर्ता माग्न गएको समयमा शाखा प्रबन्धक खड्काले आफूहरुमाथि अभद्र व्यवहार गरेको समूहकी अध्यक्ष सुशिला विश्वकर्माले मध्यान्ह राष्ट्रिय दैनिकलाई बताइन् । 'हामीले आफूले जम्मा गरेको रकम फिर्ता मागेका हौं,' उनले भनिन्, 'हाकिम सा'बले अहिले कुनै पनि हालतमा पाउँदैनौं भन्नुभयो । आफ्नो पैसा किन पाउँदैनौं भन्दा प्रहरी लगाएर पक्राउने धम्की दिनुभयो ।'

संस्थाका प्रबन्धक खड्काले आफूहरुमाथि गरेको अभद्र व्यवहारको विषयमा नगरप्रमुख, प्रमुख जिल्ला अधिकारी र प्रहरीलाईसमेत जानकारी गराइएको समूहले जनाएको छ । मौखिक जानकारी गराएका उनीहरुलाई नगरप्रमुख र प्रहरी प्रशासनले छलफल गराएर समस्याको समाधान गर्ने आश्वाशन दिएको बुझिएको छ ।

महिला समूहले शुरुमा मासिक रु २०० तथा पछिल्लो समयमा मासिक रु ३०० का दरले उक्त संस्थामा बचत गर्दै आएको बुझिएको छ । नौ जनाको समूह रहेको उक्त महिला समूहका सदस्यको प्रति व्यक्ति रु दश हजारदेखि रु ३५ हजारसम्म सो संस्थामा बचत रहेको अध्यक्ष विश्वकर्माले जानकारी दिएकी छन् ।

लकडाउनका कारण नियमित बचत गर्न नसकेपछि साउन १६ गते नियमित बैठक बसेर आफ्नो बचत रकम फिर्ता माग्ने निर्णय गरिएको समूहकी सदस्य सर्मिला विश्वकर्माले बताइन् । 'संस्थाले आफूहरुले जम्मा गरेको रकमको आठ प्रतिशत मात्र ब्याज दिन्छ,' उनले भनिन्, 'संस्थाबाट ऋण लिँदा १८ प्रतिशत ब्याज तिर्नुपर्ने हुँदा आफूहरु ठगीमा पर्ने गरिएकाले पनि समूह नै खारेजीको माग गरिएको हो ।'

शाखा प्रबन्धक खड्काले भने उक्त महिला समूहसँग बचत फिर्ताका विषयमा नभइ ऋण मागेको विषयमा सामान्य बिबाद भएको बताएका छन् । 'बचत फिर्ता गर्न प्रक्रिया पूरा गरेर आउनुपर्छ,' प्रबन्धक खड्काले भने, 'उनीहरुले प्रक्रिया पूरा नगरी आएकाले सामान्य भनाभन भएको हो । उनीहरुले पछिल्लो समय समूह नै खारेजीको माग गरेका छन् । उनीहरु कै माग अनुसार हामीले प्रक्रियासमेत सुरु सकेका छौं ।'

एनएमबी माइक्रोफाइनान्स र लालुपाते महिला समूहबीचमा देखिएको बिबादका बारेमा दुबै पक्षलाई बोलाएर छलफल गराउन डिएसपीलाई भनि सकिएको प्रमुख जिल्ला अधिकारी शालिग्राम शर्मा पौडेलले मध्यान्हलाई बताए । 'उनीहरुबीचमा के कस्तो सम्झौता छ, डकुमेन्टेसन कस्तो छ ?, त्यो अध्ययन गर्न बाँकी छ,' प्रजिअ पौडेलले भने, 'हामीले राखेको पैसा हामीलाई राख्न मन लागेन, झिक्न पर्‍यो भनेपछि झिक्न पाउनु पर्ने हो । यस विषयमा दुबै पक्षलाई बोलाएर छलफल गराउन डिएसपी सा'बलाई भनेको छु ।'

जिल्लामा सञ्चालित वित्तीय संस्थाहरुले बङ्गुर, बाख्रा तथा कुखुरा पालन एवम् व्यापार व्यवसाय सञ्चालन र तरकारी खेतीमा लगानी गर्दै आएको छन् । बिना धितो ऋण लगानी गर्दै आएका वित्तीत संस्थाले जिल्लामा ऋण लिएका व्यक्ति तथा समूहले के गर्दै छ भन्ने अनुगनसमेत गरेको पाइँदैन ।

लघुवित्तको विषयमा महिला समूहको तर्फबाट आफूकहाँसमेत गुनासो आएकाले आगामी बुधबार छलफल गर्ने तयारी गरिएको नगरप्रमुख दीपनारायण रिजालले बताए । 'जिल्लामा सञ्चालित वित्तीय संस्थाका बारेमा धेरै गुनासाहरु आएका छन्,' उनले भने, 'दीर्घकालीन समस्या समाधान गर्नेगरी नगरपालिकाको तर्फबाट नियमन गरिनेछ ।'

आम्दानीको स्रोत नहुने तर वित्तीय संस्थाबाट ऋण दिने अधिकांश जिल्लाबासीको उठिबास हुने सम्भावना रहेको पत्रकार उजुर राईले बताए । 'एउटा व्यक्तिले पाँचवटासम्म संस्थाबाट ऋण लिएका छन्,' उनले भने, 'एउटा संस्थामा ऋण लिएका व्यक्तिले उक्त संस्थामा किस्ता बुझाउन अर्के संस्थाबाट ऋण लिने गरेको पाइएको छ ।'

दश स्थानीय तह रहेको खोटाङमा ११ वटा वित्तीय संस्था सञ्चालनमा छन् । गाउँगाउँ पुगेर समूह गठन गर्दै लगानी गर्ने वित्तीय संस्थाले स्थानीय बासिन्दाबाट चर्को ब्याज अशुल्ने गरेको गुनासो आएको छ ।

# महादेव पोखरी र कालदहमा मेला

**भक्तपुर/मस-** कोभिड-१९ को संक्रमणको बीचमा भक्तपुरका विभिन्न कुण्ड एवं पोखरीमा मेला लागेको छ । नेपालको दोस्रो गोसाइँकुण्डका रूपमा मानिने नगरकोटस्थित महादेवपोखरी कुण्डमा सोमबार बिहानदेखि मेला लागेको हो ।



रसुवाको गोसाइँकुण्ड जान नसकेका र जान नपाएका भक्तजनले महादेव पोखरी मन्दिरमा पुगेर कुण्डमा नुहाएर महादेवको पूजा गरेमा पुण्य प्राप्त हुने मान्यता रहँदै आएको छ । हरेक वर्ष जनैपूर्णिमामा लाग्ने मेला भर्न यहाँ काठमाडौँ, भक्तपुर, ललितपुर, काभ्रे, नाल्दुम, देउपुर, बनेपा, पनौतीदेखिका मानिस आउने गरे पनि यस वर्ष भने कोरोनाका कारण मेला भर्न आउनेको भीड नभएको नगरकोट नाल्दुम पर्यटन विकास समितिका उपाध्यक्ष धनबहादुर लामाले बताए ।

गोसाइँकुण्डको पानी महादेव पोखरीमा आउने जनविश्वासका कारण गोसाइँकुण्ड नजानेहरू यहाँ आउने पुरानो परम्परा छ । कुण्डमा विभिन्न जातजातिका मानिसले आ-आफ्नो परम्पराअनुसार पूजाअर्चना गर्ने, झाँकीलगायत विभिन्न नाच प्रस्तुत गरेर मेला भर्ने गरेका छन् ।

त्यसैगरी जनैपूर्णिमाका दिन भक्तपुरको व्यासीस्थित औद्योगिक क्षेत्रमा रहेको प्राचीन कालदह अर्थात् महादेवपोखरीमा सोमबार ठूलो मेला लागेको छ ।

यस दिन कालदहमा आई स्नान गर्ने र पोखरीको बीचमा रहेको महादेवको पूजाअर्चना गर्ने प्रचलन रहिआएको छ । यहाँ स्नान गर्दा शरीरमा भएको रोग नाश हुने जनविश्वास रहेको छ । कालदहको स्नान र पूजाअर्चनापछि भक्तजन रक्षाबन्धन बाँध्ने गर्छन् ।

**भ्यागुताको पूजा**

सोमबार यहाँका किसानले बिहानै खेतखेतमा गएर भ्यागुताको पूजा गरी भात खुवाएका छन् । जनैपूर्णिमाको अवसरमा सोमबार बिहानै वर्षा गराउने दूत एवं प्राकृतिक देवताको स्वरूप मानेर भ्यागुतालाई विभिन्न परिकारका भोजन खुवाएका हुन् । खेतमा पूजा गरेर भात खुवाउँदा रोपाइँको समयमा र बर्सात् शुरु हुनुभन्दा पहिले खेतमा काम गर्दा कोदालीबाट मरेका कीराफट्याङ्ग्रा र भ्यागुतालाई मारेको पापमोचन हुने जनविश्वास राख्दै यस दिन भ्यागुतालाई पूजा र भोजन गराउने प्रचलन रहेको संस्कृतिकर्मी ओम धौभडेल बताउँछन् ।

खेतमा कीरा मारेर अन्न उब्जाउनसमेत सहयोग गर्ने प्राकृतिक देवताका रूपमा भ्यागुतालाई सिमीको पातमा खाद्य परिकार राखेर खेतखेतमा गई पूजा तथा भोजन गराउने परम्परा रहेको संस्कृतिकर्मी बताउँछन् । वर्षौंदेखि परम्परागत रुपमा भ्यागुतालाई भोजन गराउने यहाँको प्रचलनलाई स्थानीय नेवारी भाषामा ब्याँजा नकः वनेगु भन्ने गरिन्छ ।

# थोत्रा सवारीसाधन हटाउन माग गर्दै सर्वोच्चमा रीट

**काठमाडौं/मस-** नेपालभरका पुराना थोत्रा गाडी हटाउन माग राख्दै सर्वोच्च अदालतमा रीट दायर भएको छ ।



प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालयसहित १४ लाई विपक्षी बनाई अधिवक्ता पदमबहादुर श्रेष्ठले सर्वोच्च अदालतमा रीट दायर गरेका हुन् ।

रीटमा पुराना प्रयोगमा नआउने सवारी साधनमा तत्काल आर्थिक क्षति तथा वातावरणमा प्रदूषण भएको हुँदा रोक्न माग गरिएको छ । कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाअन्तर्गत सबै कार्यालय, संवैधानिक निकाय, आयोग, सचिवालय र सबै पदाधिकारी तथा कर्मचारी, स्वायत्त संस्था लगायतमा पुराना सवारी साधन जतातत्तै राखिएका हुँदा जनताले तिरेको करको ठूलो मात्रामा आर्थिक क्षति तथा वातावरणमा असर परेको उल्लेख छ ।

वर्षौंदेखि खुला घामपानीमा राखिएका सवारी साधन हाल कवाडी, फोहर र स्थान ओगटेका कारण दिनानुदिन जनताको करबाट खरिद गरेकाले आर्थिक क्षति हुनाका साथै उक्त पुरानो सवारी साधन कवाडी भई सकेकाले त्यसबाट माटो, माटोमुनिको पानीको स्रोतमा समेत विभिन्न हानिकारक रसाइन मिसिन गई वातावरणीय प्रदूषण भई समग्र कर्मचारी, सेवाग्राही र अन्य जोकोही व्यक्तिलाई समेत वातावरणीय प्रदूषण भइरहेको उल्लेख छ ।

निवेदनको अन्तिम किनारा नभएसम्म सिंहदरबार परिसरभित्र रहेका र समग्र देशैभरका प्रयोगमा नआउने सवारी साधनलाई विपक्षीको कार्यालय क्षेत्रबाट हटाई व्यवस्थित डम्पिङ साइटका लागि व्यवस्थापन गर्नु/गराउनु, डम्पिङ साइटमा लगी व्यवस्थापन गर्न तत्काल नमिल्ने भए तत्काल लिलाम प्रक्रिया शुरु गरी राज्यकोषमा रकम जम्मा गर्न माग गरिएको छ ।

# सेतीमा बेपत्ता दुई स्वास्थ्यकर्मीको शव भेटियो

**डोटी/मस-** सेती नदीमा बेपत्ता दुई स्वास्थ्यकर्मीको शव भेटिएको छ । इलाका प्रहरी कार्यालय दिपायलका प्रमुख तथा प्रहरी नायब निरीक्षक रमेशबहादुर शाहीका अनुसार बझाङ जिल्ला घर भई डडेल्धुरा उपक्षेत्रीय अस्पतालमा कार्यरत स्वास्थ्य सहायक (हेल्थ असिस्टेन्ट) विनयबहादुर सिंहको शव सोमबार शिखर नगरपालिका-१० बणैताप भन्ने ठाउँमा फेला परेको हो ।

यसअघि आइतबार साँझ डडेल्धुराको परशुराम नगरपालिका घर भएका ल्याब असिस्टेन्ट हरिश जोशीको शव केआईसिंह गाउँपालिका-५ को बुवातडा भन्ने ठाउँमा फेला परेको थियो । नदीले बगाएर लैजाँदै गरेको अवस्थामा उनीहरु दुवै जनाको शव फेला परेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । शनिबार शैलश्वरी मन्दिर दर्शन गरी फर्कने क्रममा शिखर नगरपालिका-१० बानीडुग्रीसैनस्थित सेती नदीमा नुहाउन गएका बेला उनीहरु दुवै जना नदीमा बगेर बेपत्ता भएका थिए । नदीमा बेपत्ता भएका स्वास्थ्यकर्मीलाई नेपाल प्रहरी तथा सशस्त्र प्रहरीको गोताखोर टोलीले शनिबारदेखि खोजी गर्न शुरु गरेको थियो ।

## भेला र बैठक नगर्न प्रशासनको निर्देशन

**भरतपुर/मस-** जिल्ला प्रशासन कार्यालय चितवनले कोरोना भाइरस संक्रमण जोखिमलाई दृष्टिगत गर्दै कुनै पनि भेला र बैठक नगर्न निर्देशन दिएको छ ।

प्रशासनले सोमबार एक सूचना जारी गर्दै यस्तो निर्देशन दिएको हो ।

जिल्लामा केही सहकारीले साधारणसभा, विद्यालयले अभिभावक भेला र अन्य संघसंस्थाले बैठक तथा भेला गरेको सूचना प्राप्त भएको भन्दै प्रशासनले कोरोनाको जोखिम यस्ता कार्यक्रममा उच्च हुने हुँदा कुनै पनि भेला र बैठक नगर्न भनेको छ ।

निर्देशनलाई अवज्ञा गरी त्यस्ता कार्य गरेको पाइएमा संक्रामक रोग ऐन २०२० बमोजिम कारवाही गरिने प्रशासनले जारी गरेको सूचनामा उल्लेख छ । चितवनका सातवटै स्थानीय तह, जिल्ला सहकारी संघ, शिक्षा विकास तथा समन्वय एकाइ र विभिन्न संघसंस्थालाई प्रशासनले सूचना पठाएर आवश्यक समन्वय र सहयोग गरिदिन आग्रह गरेको छ ।

## सोमबार...

गौतमले बताए । उपचारत संक्रमित प्रदेशगत रुपमा प्रदेश १ (२९०), प्रदेश २ (२३५७), बागमती प्रदेश (६५१), गण्डकी प्रदेश (२७२), प्रदेश ५ (३१५), कर्णाली प्रदेश (२९८) र सुदूरपश्चिम प्रदेश (१ ५४९) जना छन् । नेपालमा ५७ जनाको संक्रमणकै कारण मृत्यु भएको छ । सोमबार भने निको भएर घर फर्कनेको संख्या पनि बढेको छ । २४ घण्टामा ३५८ जना निको भएर घर फर्किए । यो सहित १४ हजार ९६१ संक्रमित निको भएका छन् ।

## पहिरोमा...

लामाले जानकारी दिनुभयो । गएराति गएको पहिराले उनीहरुलाई पुरेको थियो । स्थानीयवासीले उनीहरुको शव निकालेका हुन् ।

उनीहरुका दुई छोरी र एक छोरा छन् । छोरा काठमाडौँ आएका छन् । एक छोरी विदेशमा छिन् भने अर्की छोरी हजुरबुबाको घरमा बसेकाले सुरक्षित छिन् । गएरातिको पहिराले गाउँपालिकाका- १, २, ३, ६, ७ र ८ मा पहिराले ठूलो क्षति पुऱ्याएको अध्यक्ष लामाले बताए । "कसैको आँगन छैन । कसैका चौपाया पुरिएका छन्" उनले भने, "गाउँपालिकाभरि पहिराले क्षतविक्षत बनाएको छ ।"

## कामदार...

चोङचिङ, यूएईको अबुधावी, साउदी अरबको दमाम, कतारको दोहा र मलेसियाको क्वालालम्पुरमा उडान गर्ने गरी प्राधिकरणबाट उडान अनुमति लिएको छ । कम्पनीले चोङचिङमा एक, दोहामा पाँच, अबुधाबीमा चार, दमाममा सात, क्वालालम्पुरमा सात उडान गर्नेछन् ।

बन्दाबन्दीपछि स्वास्थ्य प्रोटोकल पालना गर्दै उडान सञ्चालनका लागि सरकारले स्वीकृति दिएपछि मात्रै विदेशी एयरलाइन्सले व्यावसायिक उडान गर्न पाउँछन् । विश्व स्वास्थ्य सङ्गठनको स्वास्थ्य मापदण्ड, अन्तरर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठन (आइकाओ) को मार्गनिर्देशनलगायत आधारमा नेपालको नियामक प्राधिकरणले स्वास्थ्य प्रोटोकल बनाएको छ । नेपालमा उडान गर्न चाहने सबै एयरलाइन्सले उक्त मापदण्डमा रहेको उडान सञ्चालन गर्नुपर्ने हुन्छ ।

यद्यपि, अन्तर्राष्ट्रिय उडानका लागि कुन एयरलाइन्सको गन्तव्य अनुसार कति उडान गर्ने भन्ने विषय अझै छलफलमै रहेको प्राधिकरणले जनाएको छ । यसअघि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट तीन नेपालीसहित ३० वायुसेवा प्रदायक कम्पनीले उडान भर्दै आएका थिए । सामान्य अवस्थामा अन्तर्राष्ट्रियतर्फ उडान र अवतरण गरी सरदर १०० उडान हुने गरेको थियो ।

सरकारले कोभिड-१९ रोकथामका लागि गत चैत ११ गतेदेखि साउन ६ गतेसम्म नेपालभर बन्दाबन्दी लागू गरेको थियो । उक्त अवधिमा नेपालमा आन्तरिक तथा अन्तर्राष्ट्रियतर्फ व्यावसायिक हवाई उडान १ भदौदेखि खोल्ने निर्णय गरिसकेको छ । उक्त निर्णय अनुसार गएको ९ चैतदेखि बन्द गरिएको अन्तर्राष्ट्रिय उडान र ११ चैतदेखि रोकिएको आन्तरिक हवाई सेवा सञ्चालनको तयारीमा वायुसेवा कम्पनी जुटेका छन् । आन्तरिकतर्फ पनि विभिन्न एयरलाइन्सका ४८ उडान स्वीकृति भएको बताइएको छ ।

बुद्ध एयरको १८, यती एअरलाइन्सको ११, श्री एयरलाइन्सको आठ तथा समान तीन उडान पाएको सीता, समिट र सीम्रिक एयरले २ वटा उडान गर्ने अनुमति पाएका छन् । आन्तरिक उडानको पनि औपचारिक निर्णय भइनसकेको प्राधिकरणले जनाएको छ ।

## मलेसियामा...

नेपाली राजदूत उदयराज पाण्डेले बताए । गत बिहीबार सामाजिक सञ्जालमा इस्लाममाथि भएको कुटपिटको भिडियो सामाजिक सञ्जालमा सार्वजनिक भएलगत्तै दूतावासले पीडित इस्लामलाई सर्म्पकमा आउन सार्वजनिक अपिल गरेको थियो । आफ्ना नागरिक कुटिएको विषयमा दूतावासले नै उजुरी दिएको घटनाललाई मलेसियाका सञ्चारमाध्यमहरुले यसपटक महत्व दिएर आफ्ना प्रकाशनमा समावेश गरेका थिए ।

## शुरू....

प्रतिनिधि चयन हुनेछ भने केन्द्रीय कार्य समिति र निकायमा रहेकाहरु स्वतः महाधिवेशन प्रतिनिधि हुनेछन् । गत फागुनमै महाधिवेशन हुनुपर्ने भएपनि संविधानको छुट प्रयोग गर्दै सभापति शेरबहादुर देउवा नेतृत्वको कार्यकाल एक वर्ष बढाइएको छ ।

तर, काँग्रेसभित्रको आन्तरिक कलह भने चुलिएर गएको छ । बरिष्ठ नेता रामचन्द्र पौडेल पक्षले सभापति शेरबहादुर देउवालाई केन्द्रीय मूख्यालय सानेपामा भेटेर गएको बिहीबार कडा चेतावनी दिएको थियो । नेता पौडेल र महामन्त्री शशांक कोइरालाले लिखित असन्तुष्टि पत्र बुझाउँदै पछिल्ला निर्णयहरु खारेज गर्न माग गरेको छ भने ती निर्णय आफूहरुले अस्वीकार गर्ने चेतावनी दिएका छन् ।

महाधिवेशनको चटारो लागिसकेको काँग्रेसमा शक्ति संघर्षकै क्रममा कलह समेत बढेर गएको छ । सभापति देउवा पक्षले पार्टीको विधान बिपरीत महाधिवेशन बिथोल्नेगरी निर्णयहरु लिएको आरोप लगाएको छ । असन्तुष्ट पक्षले पार्टी निकायहरुको समायोजन, क्रियाशील सदस्यता वितरण, विधान विपरीत विभागहरुको गठन, भातृ तथा शुभेच्छुक संस्थाहरुको गतिविधि सञ्चालनले महाधिवेशन निष्पक्ष हुनेमा अविश्वास पैदा भएको उल्लेख गरेको छ । चार पेज लामो असन्तुष्टिपत्र बुझाएको पौडेल पक्षले सभापति देउवालाई कामचलाउको संज्ञा दिएको छ । काम चलाउ सभापतिले गर्ने काम पनि अत्यन्तै सीमित हुने भन्दै पौडेल पक्षले पछिल्ला निर्णयहरु खारेज गर्न माग गरेको छ ।

गत वर्षको पुसमा सम्पन्न महासमिति बैठकले गरेको निर्णय बिपरीत २८ बाट बढाएर ४८ बनाउनु अनि पद र प्रलोभन बाँडेर विधान र पार्टीको निर्वाचन आचार संहिता विपरीत काम भएको यो समूहको ठहर छ । कार्यकाल सकिएपछि कुत्सित मनसाय राखेर यी सबै काम भएकाले यस्ता कार्य तत्काल बन्द गर्ने र भएका निर्णय खारेज गर्न आग्रह गरेको छ । पूर्व पार्टी सभापति सुशिल कोइरालाले तेस्रो वर्षमा गरेको विभाग गठन देउवाकै विरोधमा खारेज भएको पनि यो समूहले संस्मरण गराएको छ । आगामी फागुन ७-१० मा काठमाडौंमा १४औं महाधिवेशन हुँदैछ ।

## निकुञ्जका प्रमुख स्रोत नखुलेको रकमसहित पक्राउ

**काठमाडौं/मस-** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बाँके राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत प्रमोद भट्टराई र सहायक संरक्षण अधिकृत विष्णु रोकायलाई स्रोत नखुलेको ८ लाख ९८ हजार रुपैयाँसहित पक्राउ गरेको छ ।

आयोगको टोलीले स्रोत नखुलेको रकम साथमा लिई कार्यालयको बा.२ झ. १८७३ नं. को गाडीमा यात्रा गरिरहेको अवस्थामा उनीहरुलाई पक्राउ गरेको हो । अख्तियारको टोलीले प्राप्त गरेको सूचनाको आधारमा आयोगको कार्यालय बुटवलबाट खटिएको टोलीले ३ लाख ४८ हजार नगद र विभिन्न मितिको बैंक भौचर ५ लाख ५० हजारसहित पक्राउ गरेको हो । उनीहरु रुपन्देहीको सैनामैना नगरपालिका वडा नं. १० बाट पक्राउ गरिएको अख्तियारले जनाएको छ । उनीहरुमाथि थप अनुसन्धान गर्न आयोगको केन्द्रीय कार्यालय पठाइएको छ ।

# रुकुम पश्चिमका दुई जनामा कोरोना पोजेटिभ

**अर्जुन बिष्ट/मध्यान्ह**
रुकुम पश्चिम, १९ साउन

रुकुम पश्चिमका दुई जनामा कोरोना संक्रमण पुष्टी भएको छ । जिल्लाको चौरजहारी नगरपालिकास्थित चौरजहारी प्रयोगशालामा गरिएको कोरोना परीक्षणमा दुई जनामा कोरोना पोजेटिभ देखिएको हो ।



रुकुम पश्चिमको मुसीकोट नगरपालिका -४ का २६ वर्षीय पुरुष र मुसिकोट नगरपालिका-१ कि २४ वर्षीया महिलामा कोरोना संक्रमण पुष्टी भएको जिल्ला स्वास्थ्य सेवा कार्यालयका कोरोना रोग नियन्त्रण फोकल पर्सन इश्वर रावलले मध्यान्हलाई जानकारी दिए ।

चौरजहारी प्रयोगशालामा कोरोना पोजेटिभ देखिएका दुवै जनालाई होम क्वारेन्टाइनमा राखिएको मुसिकोट नगरपालिकाले जनाएको छ ।

नगरपालिकाका अनुसार होम क्वारेण्टाइनमा बस्ने अवधि सकिएपछि उनीहरुको पुनः कोरोना परीक्षण गरिने छ । दुई दिन अगाडि मात्रै रुकुम पश्चिम कोरोना संक्रमण मुक्त जिल्ला बनेको थियो । जिल्लामा कुल २७ जना संक्रमित डिस्चार्ज भएपछि रुकुम पश्चिम कोरोना मुक्त बनेको हो । सोमबार फेरि नयाँ कोरोना संक्रमित फेला परेसँगै जिल्लामा उच्च सतर्कता अपनाइएको र जिल्लाका सबै बासिन्दाहरुलाई सतर्क रहन आग्रह गरिएको जिल्ला प्रशासन कार्यालय रुकुम पश्चिमले बताएको छ ।

# दिवंगत आफन्तको सम्झनामा गाईजात्रा मनाइँदै



काठमाडौं/मस- भाद्र कृष्ण प्रतिपदादेखि अष्टमीसम्म आठ दिन मनाइने परम्परागत सांस्कृतिक पर्व 'गाईजात्रा' आज विभिन्न कार्यक्रमको आयोजना गरी देशभर आरम्भ गरिँदैछ। आजका दिन एक वर्षभित्र दिवंगत भएका आफन्तको सम्झनामा गाई वा मानिसलाई गाईका रूपमा सिंगारी आ-आफ्ना क्षेत्रमा परिक्रमा गराउने र उनीहरूलाई श्रद्धालुद्वारा दूध, फलफूल, रोटी, चिउरा, दहीका साथै अन्न र द्रव्य दान गरिन्छ। यसरी नगरपरिक्रमा गर्नाले वर्षभरि मृत्यु भएका व्यक्तिहरू गाईको पुच्छर समाई वैतरणी पार हुन्छन् भन्ने धार्मिक विश्वास छ।

राजा प्रताप मल्लले पुत्रशोकले विह्वल भएकी आफ्नी रानीलाई दुनियाँले पनि यस्तै शोक बेहोर्नुपर्छ भन्ने देखाउन 'जनतालाई आ-आफ्नो घरका मरेका व्यक्तिका नाममा गाईजात्रा निकाली सहर परिक्रमा गराउनू' भनी आज्ञा दिएका आधारमा यो पर्व शुरु भएको ऐतिहासिक तथ्य छ। यसबाट पनि रानीको मन शान्त हुन नसकेकाले विभिन्न प्रकारका प्रहसन तथा व्यङ्ग्यात्मक कार्यक्रमसमेत गराउने आदेश दिएअनुरूप हास्यव्यङ्ग्यात्मकको प्रचलन चलेको हो भन्ने जन श्रुति पाइन्छ।

प्रताप मल्लको पालादेखि प्रचलनमा आएको गाईजात्रा हनुमानढोकास्थित राजप्रासाद भएर जानुपर्ने प्रथा अहिलसम्म पनि जारी छ। देशका विभिन्न सहरमा गाईजात्रा मनाइने भए पनि उपत्यकामा यसको विशेष रौनक देखिने गरेकामा यस वर्ष कोरोना भाइरसको सङ्क्रमणबाट बच्न पनि भीडभाड कम गर्न सरकारले आह्वान गरेको छ। कोरोनाका कारण भौतिक दूरी कायम गरेर चाडपर्व मनाउनुपर्ने अवस्था छ।

भाद्र कृष्ण अष्टमीका दिनसम्म मनाइने यस पर्वका क्रममा प्रहसन, सामाजिक विकृतिप्रति व्यङ्ग्यात्मक प्रदर्शन, नाचगान तथा मृत व्यक्तिको सम्झनामा रामायणको करुण रसका गीतहरू पनि गाइन्छ।

व्यवस्थाप्रति व्यङ्ग्य गरेको भन्दै विसं २०१७ पुस १ गतेको शाही 'कू' पछि गाईजात्रामा पनि प्रतिबन्ध लागेको थियो। संस्कृतिविद् सत्यमोहन जोशी विसं २०३३ मा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले महोत्सवका रुपमा झाँकी र हास्यव्यङ्ग्यसहित गाईजात्रा फेरि मनाउन थालेको बताउँछन्।

हास्यव्यङ्ग्यले बुझ पचाएर जथाभावी गर्नेलाई सचेत गराउने र अनर्थकतामा सार्थकता झल्काउने उनको भनाइ छ। जात्राका क्रममा पाटनमा देखाइने सत्य युगको धान, चामलको नमूना र काठमाडौंको ठमेलमा देखाइने स्वर्ण तथा रजताक्षरमा लेखिएका पुस्तक विशेष दर्शनीय मानिन्छन्। आजभोलि गाईजात्राका अवसरमा समाजमा विद्यमान विकृति र विसङ्गति उजागर गरिन्छ। सार्वजनिकरूपमा मनोरञ्जनात्मक तथा व्यङ्ग्यात्मक ढंगले विविध कार्यक्रमको आयोजनासमेत हुन्छ। पत्रपत्रिकामा पनि सामाजिक कुरीतिलाई समेटेर हास्यव्यङ्ग्य अंक प्रकाशित गरिन्छ।

गाईजात्रा पर्व काठमाडौं उपत्यकालगायत बनेपा, धुलिखेल, पनौती, बाह्रविसे, त्रिशूली, दोलखा, खोटाङ, भोजपुर, चैनपुर, इलाम, धरान, विराटनगर, वीरगञ्ज, हेटौंडा, पोखरालगायत नेवार समुदायका मानिसको विशेष उपस्थिति रहेको सहरमा धुमधामका साथ मनाइन्छ। गाईजात्राका अवसरमा आज काठमाडौं उपत्यकामा सार्वजनिक बिदा दिइएको छ।

भीडभाड नगरी मनाउन आग्रह

ज्यापू महागुथिले यस वर्षको गाईजात्रा पर्व भीडभाड नगरी मनाउन आग्रह गरेको छ।

महागुथि काठमाडौं महानगर समितिले भीडभाड नगरीकन पर्व मनाउन मातहतका गुथिलाई परिपत्र गरिसकेको छ।

अध्यक्ष नानीहेरा महर्जनका अनुसार गाईजात्रा निकालिएको घरबाट बढीमा ५ जना मात्र सहभागी हुन, स्वास्थ्य सुरक्षा अपनाउन, धिमे र दापा बाजा नबजाउन र प्रसाद वितरण गर्दा स्वास्थ्य सुरक्षा अपनाउन अनुरोध गरिएको छ।

एक वर्षभित्र आफन्तको मृत्यु भएको घरबाट गाईजात्रा निकाल्ने परम्परा छ। जात्रा निकाल्दा बाजागाजासहित सहर परिक्रमा गरिन्छ।

अध्यक्ष महर्जनका अनुसार गाईजात्रामा बाजासहित नगर परिक्रमा गर्दा कम्तीमा ६० देखि बढीमा २०० जनासम्म गुठियार जानैपर्ने हुन्छ। त्यसैले बाजा नबजाईकन जात्रा आयोजना गर्न आग्रह गरिएको हो।

# तेजाब आक्रमणसम्बन्धी दण्डसजाय परिमार्जन गर्न निर्देशन



काठमाडौं/मस- प्रतिनिधिसभा, महिला तथा सामाजिक समितिले तेजाब आक्रमणसम्बन्धी कानूनी व्यवस्था र दण्डसजायलाई समयसापेक्ष परिमार्जन गर्न गृह मन्त्रालयलाई निर्देशन दिएको छ। समितिको सोमबारको बैठकमा 'तेजाब आक्रमण, पीडितको अवस्था र चाल्नुपर्ने कदम' विषयमा भएको छलफलपछि समितिले पीडितलाई उजूरी दिन उप्रेरित गर्न तथा त्यस्ता उजूरीप्रति संवेदनशील भई तुरुन्तै सम्बोधन गर्ने व्यवस्था मिलाउन सो मन्त्रालयलाई निर्देशन दिएको हो।

समितिले एसिड खरिद बिक्री कार्यलाई नियन्त्रण एवं व्यवस्थित गर्ने, खरिदकर्ताको विस्तृत विवरण अनिवार्य रुपमा अभिलेखिकरण गर्ने कार्य गर्न/गराउन, हालसम्मका एसिड आक्रमण पीडितको शारीरिक, मानसिक एंव भावनात्मक आघातलाई सम्बोधन गर्न प्रभावकारी रुपमा औषधि उपचारको अनिवार्य व्यवस्था तत्काल मिलाउन र सुनिश्चित गर्न समेत निर्देशन दिएको छ।

निर्देशनमा भनिएको छ, 'कानूनी सहायता तथा मनोपरामर्श प्रदान गर्न, शिक्षा/उच्च शिक्षामा छात्रवृत्तिको व्यवस्था गर्न, सीपमूलक तालीम उपलब्ध गराउन, सरकारी सेवाका रोजगारीमा प्राथमिकता दिन तथा त्यस्ता व्यक्तिको जीविकोपार्जनलाई सहज बनाउन (आयआर्जनका लागि सक्षम बनाउन) र सामाजिक पुनःस्थापना सम्बन्धमा कार्यक्रम तुरुन्त तयार गरी कार्यान्वयन गर्न सम्बन्धित निकायलाई समिति निर्देश गर्दछ।'

समितिका सभापति निरुदेवी पालका अनुसार तेजाब आक्रमण सम्बन्धी कानूनी व्यवस्थालाई सुधार गर्न आवश्यक समन्वयनका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र राष्ट्रिय महिला आयोगलाई समेत निर्देशन समेत दिइएको छ। पूर्वमन्त्री थममाया थापा, समितिका सदस्य अमृता थापा, खेम लोहनी र हीरा गुरुङले तेजाब आक्रमण गर्नेलाई कडा सजाय हुने कानून बनाएर प्रभावकारी कार्यान्वयन गनुपर्नेमा जोड दिएका थिए।

# राष्ट्रिय सभाका चारवटै समितिका सभापतिको निर्वाचन शुक्रबार



काठमाडौं/मस-राष्ट्रिय सभाका चारवटै समितिका सभापतिको निर्वाचन शुक्रबार हुने भएको छ। संघीय संसद सचिवालयले सोमबार निर्वाचन कार्यतालिका प्रकाशित गरेको हो।

प्रकाशित कार्यतालिका अनुसार सभापतिको निर्वाचन शुक्रबार दिउँसो १ बजे निर्वाचन हुनेछ।

सूचना अनुसार बिहीबार सम्बन्धित समितिको कुनै सदस्यलाई सभापतिमा निर्वाचित गरियोस् भनी सोही समितिको कुनै सदस्यले राखेको प्रस्तावमा अर्को एक सदस्यले समर्थनसहित प्रस्ताव दर्ता गर्न सक्ने छन्। त्यसका लागि बिहान ११ बजेदेखि दिउँसो ४ बजेसम्म समय तोकिएको छ।सोही दिन सूची प्रकाशन गरिने कार्यतालिकामा उल्लेख छ।

शुक्रबार दिउँसो १ बजे सम्बन्धित समितिको बैठकमा प्रस्तावकले प्रस्ताव प्रस्तुत गर्ने र समर्थकले समर्थन गर्ने र त्यो प्रस्ताव निर्णयार्थ प्रस्तुत गरिने जनाइएको छ।

# खोटाङमा दलित आन्दोलन शुरु



खोटाङ, मस-दलित जाति मुक्तिका लागि संयुक्त संघर्ष समिति खोटाङले आन्दोलन शुरु गर्ने भएको छ। नेपालमा कथित दलित भनिएका समुदायहरुको हक़ र अधिकारका निम्ति भन्दै उनीहरुले संघर्षको घोषणा गरेका हुन्। आइतबार जिल्ला समन्वय समितिको सभाहलमा पत्रकार सम्मेलन गर्दै संयुक्त संघर्ष समिति खोटाङले समुदाय र आदीबासी जनजातिको सयुक्त रुपमा भएको जातीय विभेद अन्त्य साथै मुक्तिको लागि आन्दोलन शुरु गर्ने जानकारी दिएको हो। पत्रकार सम्मेलनमा संघर्ष समिति खोटाङका अध्यक्ष दिपक ठटालले नेपालको कानुनमा छुवाछुत अन्त्य भएपनि नेपाली समाजमा अहिलेसम्म व्यवहारमा लागु नभएको र नेपाली समाजमा दलित समुदायका मानिसहरुले मायाँ गरेकै आधारमा ज्यान गुमाउनु पर्ने, पानी छोएको निहुँमा तथा घर भित्र पस्दा कुटाई खाईरहनु पर्ने बाध्यतालाई अन्त्य गर्नकै लागि आन्दोलन शुरु गरेको बताए।

आन्दोलनको कार्ययोजना प्रस्तुत गर्दै अध्यक्ष ठटालले भदौ २० गते साकेला गाँउपालिका, २२ गते दिप्रुङ चुईचुम्मा गाँउपालिका, २४ गते खोटेहाङ गाँउपालिका, २६ गते जन्तेढुङगा गाँउपालिका, २८ गते बराहपोखरी गाँउपालिका, आसोज १ गते हलेशी चुवाचुङ गाँउपालिका, ३ गते रावाबेशी गाँउपालिका, ५ गते ऐसेलुखर्क गाँउपालिका र १० गते दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकामा संर्घष समिति गठन गर्ने जानकारी दिए।

त्यसैगरी असोज २५ गते जिल्ला स्तरिय अन्तरक्रिया कार्यक्रम गर्ने, कात्तिक २२ गते अन्तरपाटी छलफल गर्ने, मंसिर १३ गते पालिकास्तरीय कमिटी बनाउने, पौष २ गते जिल्लामा रहेका ७७ वटामा वडामा संघर्ष समिति गठन गर्ने पौष र माघ मसान्तसम्म पालिकास्तरिय प्रशिक्षण, तालिम, गोष्ठी, अन्तरक्रिया कार्यक्रम गर्ने र फागुन १ गतेदेखि मार्चपास, मसाल जुलुस, खुल्ला आमसभा गर्ने र दवाब पूर्ण आन्दोलन गर्ने समितिले जनाएको छ।

नेपाल आदिबासी जनजाति महासंघ खोटाङका अध्यक्ष हात्तिराम राईले नेपालमा दलित समुदायलाई दोस्रो दर्जामा राखेर बिभेद गरे जस्तै आदिबासी जनजातिलाई पनि सरकारले कानुन बनाउँदा विभेद गरेको भन्दै यो आन्दोलन जनजातिको पनि भएकाले संयुक्त संर्घष समितिमार्फत आन्दोलन गर्ने निर्णय गरेर आन्दोलन सुरु गरेको बताए। त्यसैगरी दलित नेता तथा संर्घष समितिका सल्लाहकार संयोजक चर्चबहादुर बिश्वकर्माले नेपालमा अन्तिम लडाई नै अब दलित समुदायको हुने बताए। 'यो लडाईले की दलित समुदायका मानिसहरु सिद्धिने छन् की नेपालमा अन्य जाति जस्तै समान अधिकार प्राप्त हुनेछ', बिश्वकर्माले भने, 'आन्दोलन सफल नभएलम्म रोकिने छैन।'

# गृह मन्त्रालयको प्रवक्तामा बुढा



काठमाडौं/मस- गृह मन्त्रालयको प्रवक्तामा सहसचिव चक्रबहादुर बुढालाई नियुक्त गरिएको छ। गृह मन्त्रालयको नीति तथा योजना महाशाखा प्रमुखका रूपमा रहेका बुढालाई सोमबार बसेको गृहमन्त्रीस्तरीय निर्णयबाट मन्त्रालयको शान्तिसुरक्षा महाशाखा प्रमुखसहित प्रवक्ताको जिम्मेवारी दिइएको हो।

गृह मन्त्रालयमा शान्तिसुरक्षा महाशाखा प्रमुख नै प्रवक्ता हुने व्यवस्था छ। मन्त्रालयका प्रवक्ता केदारनाथ शर्माको केही दिनअघि मात्रै गण्डकी प्रदेशको आन्तरिक मामिला तथा कानून मन्त्रालयमा सरुवा भएपछि गृह प्रवक्ता र शान्तिसुरक्षा महाशाखा खाली रहँदै आएको थियो।

# सप्तरीमा आजदेखि निषेधाज्ञा




सप्तरी/मस-जिल्ला प्रशासन कार्यालय सप्तरीले आज बिहान ५ बजेदेखि लागू हुने गरी निषेधाज्ञा जारी गरेको छ।

कोरोना भाइरस (कोभिड १९) संक्रमितको संख्या दिन प्रतिदिन बढ्दै गएका कारण यसको रोकथाम तथा नियन्त्रणका लागि निषेधाज्ञा जारी गरिएको हो। प्रमुख जिल्ला अधिकारी शंकरहरि आचार्यका अनुसार निषेधाज्ञा आगामी साउन २६ गते साँझ ५ बजेसम्म जारी रहने छ।

जिल्ला प्रशासन कार्यालयद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'कोभिड-१९ को संक्रमणको प्रभावकारी रोकथाम तथा नियन्त्रण र यसको संक्रमण फैलिन नदिन तथा प्रतिकूल प्रभाव पर्न सक्ने कुनै किसिमको गतिविधि हुन/गर्न नदिन नेपाल राजपत्रमा तोकिएको अत्यावश्यक सेवाहरु जस्तैः औषधि पसल, खाद्यान्न, फलफुल तथा तरकारी, अस्पताल तथा स्वास्थ्य केन्द्र सञ्चालन सम्बन्धी सेवा, मालसमान ओसारपसार गर्ने तथा पूर्वाधार निर्माण कार्यमा प्रयोग हुने ढुवानीका यातायत, तरकी छापाखान, सञ्चार सेवा, बैंकिङ सेवा, आन्तरिक सुरक्षा कार्य, खानेपानी सञ्चालन तथा वितरण, पेट्रोलियम पदार्थको ढुवानी भण्डारण र वितरण, फोहोरमैला, संकलन तथा ढुवानी, विद्युतीय सेवा, कृषिजन्य कार्य तथा कृषि तथा पशुजन्य उत्पादन ढुवानी प्रयोग हुने साधन जस्ता अत्यावश्यक सवाहरु बाहेक अन्य सेवा सञ्चालन गर्न पाइने छैन।'

निषेधाज्ञाको समयमा अति आवश्यकबाहेक अन्य सबै काम बन्द हुने र जथाभावी हिँड्डुल गर्नेलाई कानुनी कारबाही हुने जिल्ला प्रशासनले जनाएको छ।

सप्तरीमा हालसम्म ५ सय ३१ जनामा कोरोना सक्रमण पुष्टि भइसकेको छ भने संक्रमित मध्ये एकजनाको मृत्यु भइसकेको छ।

# कार्यभार सम्हाल्न सशस्त्रका गणपति बमं आइपुगे दार्चुला




**गणेश सिंह धामी/मध्यान्ह**
दार्चुला, १९ साउन

सशस्त्र प्रहरी बल नेपाल नम्बर ४४ गण हेडक्वाटर दार्चुलाका पहिलो गणपति नरेन्द्र बमं दार्चुला आइपुगेका छन्। सशस्त्र प्रहरी उपरीक्षक बमं आफ्नो कार्यभार सम्हाल्न यहाँ आइपुगेका हुन्।

नेपाल सरकारले हालै दार्चुलामा स्थापना गरेको गणका लागि सशस्त्र प्रहरी उपरिक्षक (एसपी) बमंलाई उक्त गणको गणपतिमा समायोजन गरेको थियो। कार्यभार सम्हाल्न गणपति आइतबार बेलुकी दार्चुला आइपुगेको सशस्त्र प्रहरी बल नेपाल नम्बर ४४ गण हेडक्वाटर दार्चुलाले जनाएको छ। भारत र चीन सँग सीमा जोडिएको दार्चुलामा पहिलो पटक सशस्त्र प्रहरीको गण स्थापना गरिएको छ।

यसअघि सदरमुकाम खलंगामा रहेको नम्बर ५० गुल्मलाई व्यासको छांगरु गागा पठाउँदै खलंगामा नम्बर ४४ गण स्थापना गरिएको हो। सरकारले नेपालको अतिक्रमित भूगोल कालापानी, लिपुलेक र लिम्पियाधुरा तथा तीन गाउँ कुटी, नावी र गुञ्जी सहितको भूगोल समेटेर नक्सा जारी गरेपछि यो क्षेत्रमा सरकारले सुरक्षा संयन्त्र बढाउँदै लगेको छ।

दार्चुलामा भारतसँग सीमा जोडिएको कुल १ सय २५ किलोमिटर सीमा छ भने चीनसँग २० किलोमिटर क्षेत्रफलमा सीमा जोडिएको छ। सरकारले भारतसँग सीमा जोडिएको दार्चुलाको लेकम गाउँपालिकाको लाली, मालिकार्जुन गाउँपालिकाको जौलजिवी, व्यास गाउँपालिकाको दुम्लीङ र छांगरुमा सशस्त्र प्रहरीको बोर्डर आउट पोष्ट स्थापना गरि सकेको छ भने महाकाली नगरपालिकाको दत्तु, व्यासको सुनसेरा, व्यासकै कौवा र चीनसँग सीमा जोडिने तिंकरमा बीओपी राख्न गृहकार्य भैरहेको बताइएको छ।

# कर्णालीमा कोपिला भ्याली समाजद्वारा २ करोड ७६ लाख सहयोग

**भिम प्रसाद शर्मा/मध्यान्ह**
सुर्खेत, १९ साउन



कोरोना संक्रमण (कोभिड-१९) को महामारी फैलिरहेको बेला संक्रमणको जोखिम रोकथाम नियन्त्रणको लागि कोपिला भ्याली समाजले हालसम्म २ करोड ७६ लाख रुपैया' सहयोग गरेको छ। अहिले कोरोना महामारीले विश्व अर्थतन्त्रमा चुनौती दिएको अवस्थामा कर्णालीका दुर्गम नगरपालिका र गाउँपालिकाका जनताका लागि यो सहयोग बरदान साबित भएको छ। गत चैत्र ११ गते देखि नेपालमा शुरु भएको लकडाउन पश्चात समाजले आफ्ना सहयोगी हात फुकाएको थियो। उक्त समाजले साउन १८ गतेसम्म सम्ममा २ करोड ७४ लाख १६ हजार २ सय ९५ रुपैया १८ पैशा सहयोग गरेको छ।

कोरोना संक्रमण फैलिए पछि छिमेकी देश भारतबाट कर्णाली प्रदेश भित्रिएका ५५ हजार मानिसहरुलाई १ बोतल पानी र 'गुड डे' विस्कुट वितरण गरेको थियो। त्यस्तै कर्णालीका गाउँपालिका र नगरपालिकाका गरी ६३ वटा स्थानीय तहका ६५८ क्वारेण्टाइनमा सहयोग गरेको रोपिला भ्साली समाज सुर्खेतका अध्यक्ष टोप बहादुर मल्लले जानकारी दिए।

समाजले क्वारिन्टाइनका लागि आवश्यक पर्ने सामग्री लगायत महिलाहरु महीनावरी हुदाँ चाहिने सेनेटरी प्याड र शिशुहरुका लागि डाइपर र स्यारलेक्शजस्ता आवश्यकीय समानहरु वितरण गर्नुका साथै कोरोनाको जोखिम स्थानमा स्वास्थ्यकर्मीसमेत पठाएर सहयोग गरिएको अध्यक्ष मल्लले मध्यान्हलाई बताए।

# पहिरोले १ सय ५६ घरपरिवार विस्थापित

तनहुँ/मस-तनहुँमा बाढी पहिरोबाट एकसय ५६ घरपरिवार विस्थापित भएका छन्। पहिरोका कारण घर भत्किएका र उच्च जोखिममा रहेका घरपरिवार विस्थापित भएका हुन्। त्यस्ता परिवारलाई छिमेकीको घर, सामुदायिक भवन र विद्यालयमा स्थानान्तरण गरिएको पालिका कार्यालयले जनाएका छन्।

असारको अन्तिम र साउनको पहिलो साता परेको अविरल वर्षापछि गएको पहिराका कारण ती घरपरिवार विस्थापित भएका हुन्। सयौ घरमा क्षति पुगेको छ। तनहुँमा चार नगरपालिका र छ गाउँपालिकामध्ये ऋषिङ गाउँपालिका, व्यासनगरपालिका र म्याग्दे गाउँपालिमा मानवीयसहितको क्षति भएको छ। म्याग्दे गाउँपालिकामा ८० घरपरिवार विस्थापित भएका छन्। उनीहरु मध्ये केहीलाई छिमेकी र सामुदायिक भवनमा व्यवस्थापन गरिएको छ। पहिरोले पुरिएर गाउँपालिका-६ का १५ वर्षीया लक्ष्मी विकको ज्यान गएको थियो। पानी परिरहेकोले उच्च जोखिममा रहेका घरका मानिस दिउँसो बस्ने र रातको समयमा छिमेकी कहाँ गएर सुत्ने गरेको गाउँपालिकाका उपाध्यक्ष बालकृष्ण घिमिरेले बताए।

यसै बीच बन्दिपुर गाउँपालिकामा १६ घरपरिवार विस्थापित भएका छन्। पहिराले ३० घरमा आँशिक क्षति पुगेको गाउँपालिकाका अध्यक्ष पुर्णसिं थापाले बताए।

पूर्ण क्षति भएका परिवार छिमेकीको घरमा आश्रय लिन बाध्य भएका छन्। उनले भने, 'पुर्ण रुपमा घर क्षति भएकालाई रु.३० हजार र राहत दिइएको छ।' पहिराले उच्च जोखिम र आँशिक क्षति पुगेकालाई रु.दश हजार र बाढीले कटान र बगर बनाएको खेतलाई प्रतिरोपनी दुई हजार प्रदान गरिएको छ। यसैगरी देवघाट गाउँपालिकामा १५ परिवार छिमेकीको घरमा सुरक्षित बस्दै आएका छन्। मानवीय क्षति नभएपनि फलफूल र खेतीबालीमा धेरै क्षति भएको अध्यक्ष दुर्गबहादुर थापाले बताए।

त्यसैगरी शुक्लागण्डकी नगरपालिकामा १३ परिवार छिमेकीको घर र सामुदायिक भवनमा शरण लिएर बस्दै आएका छन्। शुक्लागण्डकीको बाह्र मध्ये २,४,५ र ८ वडामा पहिराले क्षति नभएको र अन्य आठ वडामा क्षति पुगेको शुक्लागण्डकी नगरपालिकाका प्रवक्ता खिम कुमालले जानकारी दिए।

## सम्पादकीय

# नयाँ अभ्यासले जन्माएको चुनौती

गएको डिसेम्बरबाट शुरू भएको कोभिड महामारीले विश्वभर भयावह संकट सिर्जना गरेको छ । सोमबार साँझसम्म विश्वभर एक करोड ८२ लाखमा संक्रमण पुष्टि भएको छ भने ६ लाख ९३ हजारको मृत्यु भइसकेको छ । दक्षिणी छिमेक भारत विश्वकै बढी प्रभावित हुने तेस्रो मुलुक बनेको छ । भारतमा १७ लाख बढीमा संक्रमण पुष्टि भएको छ भने ३७ हजारको मृत्यु भइसकेको छ । नेपालमै पनि २० हजार सात सय बढीमा संक्रमण पुष्टि भएकोमा ५७ जनाको मृत्यु भएको छ ।

कोभिड महामारीले मानवीय क्षति मात्रै पुगेको छैन, आर्थिक–सामाजिक–सांस्कृतिक पक्षलाई पनि नराम्रोगरी प्रभावित बनाएको छ । महाहारी रोक्ने प्रभावकारी भूमिका खेलेको चीनले अर्थतन्त्रमा पुगेको क्षति विवरण नै सार्वजनिक गरिसकेको छ । तर, अन्य मुलुकहरूले कुन तहमा आर्थिक क्षति पुगेको छ भन्ने तथ्य निकाल्ने समय समेत पाएका छैनन् । नेपालमै पनि महामारी रोकथामका लागि गरिएको लकडाउन र औषधोपचारका लागि गरेको खर्च विवरण सार्वजनिक गरेको छैन । तर, धेरै ठूलो मात्रामा आर्थिक क्षति पुगेको अनुमान लगाउन गाह्रो पर्दैन ।

आर्थिक संकटसँगै सांस्कृतिक र सामाजिक क्षेत्रमा पनि महामारीका कारण ठूलो प्रभाव परेको छ । मानवीय गतिविधिका लागि तोकिएको हदबन्दीले सांस्कृतिक र सामाजिक क्षेत्रमा नयाँ समस्या सिर्जना भएको छ । विशेषगरी मनोवैज्ञानिक असर, सांस्कृतिक पर्वहरूमा ल्याइएको फेरबदलसँगै सामुहिकतामा रमाउने मानव जगतलाई टाढा रहन उत्प्रेरित गरिएको छ । अझ यसले शिक्षा क्षेत्रमा पुगेको असर असामान्य देखिन्छ । नेपालमै पनि गएको चैत ११ गते लकडाउन गरिए यता शैक्षिक संस्थाहरू खुल्न सकेका छैनन् । माध्यमिक शिक्षा परीक्षा (एसईई) हुनै सकेन भने शैक्षिक सत्र पनि प्रभावित बनिसकेको छ । अहिले शैक्षिक संस्थाको पठनपाठनको विकल्पमा अनलाइन शिक्षा प्रणालीलाई अगाडि बढाउन खोजिएको छ । तर, यसले नयाँ समस्या सिर्जना गरेको छ ।

शहरी क्षेत्र बाहेकमा अनलाइन शिक्षा प्रणाली सहज छैन । तर, यसको अर्को विकल्प पनि हामीसँग देखिदैन । तसर्थ, नयाँ समाज (भर्चुएल) को निर्माण तीव्र गतिमा अगाडि बढेको छ भने यसबाट निम्न आय भएका र भौगोलिक विकटतामा रहेकाहरू बञ्जित हुने संभावना पनि उत्तिकै छ । अर्थात्, महामारीका कारण जस्तो भर्चुएल समाज निर्माण हुँदैछ, यसले निम्त्याउने संकट समाधानका लागि सरकार तयार रहनुपर्ने चुनौती पनि बढेको छ । जोसँग, सरकार भाग्न सक्दैन, बरू नयाँ चुनौती र कार्यभार सम्झेर कार्यान्वयनको आधारशिला तयार पार्नु चाहिँ बुद्धिमानी ठहर्ने देखिन्छ ।

# नेकपालाई फुटबाट जोगाउने उपाय



■ शंकर भण्डारी

> केपी ओली, प्रचण्ड, माधव नेपाल, झलनाथ खनाल, वामदेव गौतमलगायतका शीर्ष नेताहरूले सम्पूर्ण स्वार्थहरू परित्याग गरेर अब पार्टीको अभिभावक भएर बस्नु पर्छ ।

नेपाली जनताको अपार समर्थनमा सरकार निर्माण गर्न सफल मुलुकको सबैभन्दा ठूलो पार्टी नेकपा अहिले आन्तरिक अन्तरसंघर्षको संक्रमणकालीन भूमरिमा फँसेको छ । संसार भरको कम्युनिष्ट आन्दोलनलाई सन्देश दिने गरी जनताको मत प्राप्त गरेको र अपार बहुमतका साथ सरकार चलाइरहेको नेकपा भित्रको विवादले समग्र नेपाली कम्युनिष्ट आन्दोलनको भविष्यप्रति गम्भिर चिन्ता बढाएको छ। पार्टीमा जारी विवादका कारण नेकपाका कार्यकर्ता र समर्थक मात्रै होइन नेपालमा स्थीरता र समृद्धि चाहने जो कोही नेकपा भित्रको विवादलाई नजिकबाट नियालिरहेका छन् र मुलुक कतै पुनः अस्थिरताको चंगुलमा फँस्ने त होइन, भन्ने चिन्ता गरिरहेका छन् ।

नेताहरूका बीचमा जारी स्थायी समिति बैठकबाट औपचारिक र ठोस निर्णय गर्नु अघि अविश्वास घटाएर पार्टी एकढिक्का बनाउने ब्यापक छलफल चलिरहेका त छन् छलफलको दिशा सकारात्मक छैन । खासगरी पार्टीका कार्यकारी अध्यक्ष प्रचण्ड लगायतका बहुमत सचिवालय र स्थायी कमिटीका नेताहरू प्रधानमन्त्री ओलीले प्रधानमन्त्री र पार्टी अध्यक्ष हुँदै दुवै पदबाट राजीनामा दिनु पर्ने अडानमा छन् भने ओलीले दुवै पद नछाड्ने दोहोरयाई सकेका छन् । विषयवस्तु यस्तो पेचिलो बन्दै गए पछि पार्टीका दोस्रो तहका नेताहरू पार्टीलाई फुटको संघारबाट जोगाउन लागिपरेका छन् ।

ओली नेकपा पार्टीको प्रमुख अभिभावक हुन् । यो पार्टीको पहिलो अध्यक्ष हुन् । ओलीले आफ्नो कुर्सी भन्दा वा स्पष्ट भाषामा आफ्नो पदभन्दा यो राष्ट्रको माया गर्नु पर्छ अथवा आफ्नो पार्टीको माया गर्नु पर्छ । नेकपा पार्टीको विभाजनको अवस्था आएमा उनले पार्टी अध्यक्ष परित्याग गर्नुपर्छ त्यति मात्रले नपुगे प्रधानमन्त्री पद पनि परित्याग गर्नुपर्दछ । दुईवटै पद परित्याग गरेर पनि नेकपा पार्टीलाई सुदृढीकरण, सवलीकरण र नेपालको राम्रो पार्टी बनाउन प्रयास गर्नु उपयुक्त हुन्छ। दुवै पद परित्याग गरेर पनि लाखौं कार्यकर्ताको भावना अनुसार चल्ने हो भने उनी कम्युनिष्ट पार्टीको आदर्श व्यक्तित्वको रूपमा अग्र पंक्तिमा आउँछन् । यदि उनले कुनै पनि पद परित्याग नगरी यो पार्टी विभाजन हुन पुग्यो भने कम्युनिष्ट आन्दोलनको इतिहासमा उनलाई कलंकको रूपमा गनिने छ ।

ओलीले दुई वटा पद मध्ये एउटा छोडन जरुरी देखिन्छ । कि उनले पार्टी अध्यक्ष छोडेर अर्को व्यक्तिलाई हस्तान्तरण गर्ने आफू प्रधानमन्त्री मात्र भई राख्ने । पंक्तिकारको विचारमा यो देश अस्थिरताबाट गुज्रेको कारणले ५ वर्ष नै ओलीलाई प्रधानमन्त्रीमा निरन्तरता दिने तर उनले पार्टी अध्यक्ष पद छाडने। त्यो पार्टी अध्यक्ष पदमा प्रचण्ड र माधव नेपाललाई हस्तान्तरण गरी नेकपा पार्टीको सबै नेताहरूको सम्मान गर्दा उचित होला की ?

यदि उनले पार्टी अध्यक्ष पनि प्रधानमन्त्री पद पनि त्याग गर्न सकेनन् भने आफूभित्रको अहंकार, घमण्ड, स्वेच्छाचारी प्रवृत्तिलाई परित्याग गरेर एउटा उच्च स्तरीय राजनीतिक संयन्त्र बनाई त्यो संयन्त्र मार्फत सरकार चलाउने गरी अगाडी बढ्छु भन्ने प्रतिबद्धता गर्नुपर्छ ।

ओलीले स्थायी कमिटीले गरेका निर्णय मान्न तयार हुनेपर्छ किनाकी कम्युनिष्ट पार्टीमा लामो समय संघर्ष गरेर शीर्ष तहमा पुगेका व्यक्तिले पार्टी पद्धचती विपरीत जान हुँदैन। सामूहिकताको आधारमा चल्ने नेकपा पार्टीलाई फुटबाट जोगाउन नेताहरूको सामुहिकताको आधारमा पार्टी पनि चलाउने र सरकार पनि सञ्चालन गर्नुपर्छ र यसको सुरुवात ओलीले नै गर्दा पार्टीमा आगामी दिनमा हुनसक्ने क्षति न्यूनिकरण गर्न सकिन्छ । यसो गर्दा सबै नेताहरूको अपनत्व हुन सक्दछन् । व्यक्तिवादी, स्वेच्छाचारी तरिकाले भन्दा सामुहिकताको आधारमा निर्णय गर्दा सबैको भावना, बुद्धि विवेक पनि समेटिएको हुन्छ। नेकपा पार्टीलाई सामुहिकताको आधारमा चलाएर अघि बढछु भन्ने प्रतिवद्दताका साथ व्यवहारमा ओलीले देखाउन सके अहिलेको पार्टी भित्रको संकट टर्न सक्छ। तर अहंकार सोचबाट अगाडि बढ्यो भने नेकपाको दुर्घटना कसैले रोक्न सक्दैन ।

हालको मन्त्रिपरिषदमा गएका कतिपय मन्त्रिहरूलाई राजीनामा गर्न लगाएर सरकार राम्रोसँग सञ्चालन गर्न सक्ने व्यक्तिलाई मन्त्री पदमा लिने, त्यो पनि सबै नेताहरूको सम्मान हुने गरी र राम्रो काम गर्न सक्ने व्यक्तिलाई जिम्मेवारी दिँदा एक हदसम्म पार्टीको फुटको दुर्घटना टर्न सक्छ । मन्त्रिपरिषद हेरफेर गर्दा पार्टीको निर्णयको आधारमा गर्दा झनै राम्रो हुन्छ। मन्त्रीको कार्यक्षमता, योग्यता, जनताका बीचमा उसको मन्त्रालयबाट कति राम्रा कामहरू भए भनेर मूल्यांकम गरेर निचोडमा पुग्नुपर्दछ । तर मेरो गुटको होस, मेरो यस म्यान हो भनेर जे गर्दा पनि बचाउ गर्न थाल्यो भने झनै समस्या आउन सक्छ । तसर्थ मन्त्रिपरिषद हेरफेर गरेर सबैको सामुहिकताको आधारमा निर्णय गरेर अघि बढयो भने पार्टीको फुटको अवस्था टर्न सक्छ ।

नेकपा पार्टी चरम संकटमा जानुको कारण पार्टीमा विधि, पद्दति, विधान अनुसार र शक्ति सन्तुलन नमिलाउनु पनि हो । नेकपा पार्टी नेता नै नेता भएको ठूलो पार्टी हो। यो पार्टीमा ४ जना त प्रधानमन्त्री भइसकेका पार्टीका अध्यक्ष/महासचिव भइसकेका नेता मात्र छन्। अझ धेरै पुराना अनुभवी नेताहरूको संख्या पनि कम छैन। त्यसैले पार्टीभित्रको शक्ति सन्तुलनलाई मध्य नजर गर्नुपर्ने देखिन्छ । जस्तो केपी ओली पक्षधरको मुख्यमन्त्री छन् भने त्यो प्रदेशको पार्टी इन्चार्ज प्रचण्ड पक्षधरको या माधव पक्षधरको वा झलनाथको पक्षधरको व्यक्तिलाई जिम्मेवारी दियो भने शक्ति सन्तुलन मिल्न सक्छ । कि त सबै नेताहरूका गुटहरूमा आगो सल्काएर जलाउनु पऱ्यो र पार्टीलाई विधि पद्दतिको मापदण्डअनुसार हरेक व्यक्तिलाई जिम्मेवारी दिनु पऱ्यो हैन भने शक्ति सन्तुलन मिलाउन जरुरी देखिन्छ ।

नेकपाको ९ जनाको सचिवालय निर्माण भएदेखि नै चरम असन्तुष्टि बढेको थियो । सचिवालय बनाउने क्रममा नै प्रतिशोध तरिकाले सिनियर नेताहरूको अपमान गर्ने काम गरियो । विधि, पद्दति भन्दा आफुलाई मन परयो भने सचिवालयमा राख्ने मन परेन भने सिनियर नेतालाई जुनियर नेताको मातहतमा राख्ने कार्य गरियो तसर्थ कि यो सचिवालय भंग गर्नु पर्दछ हैन भने १७ जना सम्मको सचिवालय बनाएर सबैको सम्मान गर्नु आजको आवश्यकता हो ।

केपी ओली, प्रचण्ड, माधव नेपाल, झलनाथ खनाल, वामदेव गौतमलगायतका शीर्ष नेताहरुले सम्पूर्ण स्वार्थहरू परित्याग गरेर अब पार्टीको अभिभावक भएर बस्नु पर्छ। कुनै कार्यकारी पदमा बस्दैनौ तर पार्टीलाई कुनै हालतमा फुटन दिँदैनौ भनेर आफ्ना व्यक्तिगत स्वार्थलाई परित्याग गरी दोस्रो पुस्ताका नेताहरूलाई जिम्मेवारी सुम्पिने निर्णय गरे भने नेपालको कम्युनिष्ट आन्दोलनमा उनीहरुका नामहरू स्वर्णिम अक्षरले लेखिने छन् । नेपालको इतिहासमा कम्युनिष्टका नेताहरू महान रहेछन भनेर युगौ युगसम्म नेपाली जनताले पनि सम्झिरहने थिए । यो साहस गर्न ढिला भइसक्यो । तसर्थ नेकपा पार्टीलाई फुटबाट जोगाउने हो भने सबैले आ-आफ्नो ठाउँबाट त्याग गर्न सक्नु पर्दछ ।

## सामाजिक सञ्जाल



एसै मरिने उसै मरिने भन्दै आजै आर्यघाटमा गएर ब्रम्हनालमा सुत्ने त ? राजनीति जब एजेन्डाबिहीन हुन्छ,यस्तै एटेन्सन सिकर हावी हुन्छन् ।

**- मात्रिका पौडेल**



कोरोना कहरबाट देशभरिका जनता बचाउने हो न कि जंगबहादुरको कानून लगाएर 'म' बस्ने उपत्यकामात्र बचाउने । जाँच, कन्ट्याक ट्रेसिङ र पृथकिकरणः सस्तो र भरपर्दो उपाय । कर उठे मेरो नयाँ गाडी र दलको बैठकमा चिकेन बिरयानी आउँछ भनेर संक्रमणमा लत्तो नछाडेको बेस ! कोरोना भाइरस हो, नाम्ले किरो हैन है !

**- रामेश**



प्रधानमन्त्री र मन्त्रीहरूले सरकारी कोषबाट तलव र भत्ता पाउँछन् । यो राज्यको कामका लागि हो । कमसेकम १० बजे देखि ५ बजेको समयमा प्रम र मन्त्रीहरूले दलको काममा सरिक नहुँदा राम्रो हुन्थ्यो कि ? गर्नै परे विदा लिने, कर्मचारीले जस्तै । यस्तो पद्धति बनाएर लागु गर्न नसकिने त हैन होला ?

**- सूर्यराज आचार्य**



घडीको डायलभित्र थुनिएका सुईजस्ता भएका छौं हामी अचेल । भेट हुन पनि मनासिब समय पर्खिन पर्ने ।

**- पवन आचार्य**

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article .madhyanhadaily@gmail .com

# उच्च शिक्षामा नेपाल खुला विश्वविद्यालयको भूमिका



सुशील पौडेल

अहिले देशमा कोभिड १९ को महामारी सँगै अनलाइन, खुला तथा दूर सिकाइ शैक्षिक प्रणालीले व्यापक चर्चा पाएको छ । अनलाइन प्रणालीबाट विभिन्न शैक्षिक संस्थाहरुले वैकल्पिक रुपमा पठनपाठन गराइरहेको अवस्था पनि छ । यसै महामारीसँगै नेपाल खुला विश्वविद्यालयको प्रचारप्रसार पनि तिव्र गतिमा भइरहको छ ।

नेपाल खुला विश्वविद्यालय परम्परागत उच्च शिक्षा प्रणालीमा समाहित भई उच्च शिक्षा अध्ययन गर्ने अवसरवबाट बन्चित समूहलाई उच्च शिक्षा अध्ययनको अवसर उनीहरुको पायक पर्ने स्थान, समय र सिकाइको गतिमा उपलब्ध गराउने, विभिन्न विधिमा ज्ञान, सीप र दक्षताले परिपक्व, दिगो विकासका लागि तयार सचेत तथा सहअस्तित्वको भावनायुक्त नागरिकहरुको उत्पादनमा आधुनिक सूचना प्रविधिको प्रयोग गरी विद्यार्थी केन्द्रीत तथा अनुसन्धानमा आधारित शिक्षण सिकाइ विधिबाट अध्ययनको अवसर उपलब्ध गराउने, सफल जिवनका लागि सिपयुक्त नागरिक बन्न पाउने मौलिक हकको कार्यान्वयनमा जीवनपर्यन्त शिक्षाको विकास र विस्तार गरी राज्यलाई सहयोग गर्ने, (नेपाल खुला विश्वविद्यालय, कार्यक्रम परिचय) वृहत उद्देश्य लिएर नेपाल खुला विश्वविद्यालयको स्थापना भएको हो ।

वर्तमान नेपाल खुला विश्वविद्यालयको गतिलाई मापन गर्दा उच्च शिक्षाको विकासमा नेपाल खुला विश्वविद्यालयको महत्वपूर्ण भूमिका रहने देखिन्छ । बामे सर्दै गरेको नेखुविको देशमा कति प्रतिशत भूमिका रहेको छ भन्न ठ्याक्कै नसकिएपनि यसको भविष्य निकै उज्जल रहेको अनुमान लगाउन गाह्रो छैन ।

वि.स २०७३ पछि नेखुविको प्रारम्भ भएको हो र नविनतम् प्रविधिको प्रयोग गरी नेपालका दुरदराजसम्म शिक्षाको ज्योति फैलाउने वृहत उद्देश्यसहित यस विश्विवद्यालयको पारम्भ भएको हो ।

स्थापनको २, ३ वर्ष पुगेको अवस्थामा यस विश्वविद्यालयमा ३ संकाय सञ्चालनमा रहेका छन जसमा विज्ञान, स्वास्थ्य तथा प्रविधि संकाय, सामाजिक शास्त्र तथा शिक्षा संकाय र व्यवस्थापन तथा कानून संकाय रहेको छन् । जसमा हाल एमफिल तहदेखि स्नातकोत्तर तह र स्नातक तहसम्म सञ्चालनमा रहेका छन् ।

पेशागत संलग्नता, आर्थिक विपन्नता, भौगोलिक विकटता, पारिवारिक संलग्नता तथा अन्य कारणले परम्परागत उच्च शिक्षा प्रणालिमा नसमेटिएका र अध्ययनलाई बीचमै छाडेर रोजगारका लागि विदेसिन बाध्य युवा युवती तथा शिक्षाको अवसरबाट बन्चित वा शिक्षा आर्जनका नयाँ उपायको आवश्यकता बोकेका जनसमुदाय यस नेपाल खुला विश्वविद्यालयको लक्षित समूह हुन् । यी समूहलाई आफ्नै अनुकुलको समय स्थान क्षमता र गतिमा प्राकृतिक रुपमा र प्रविधिको संयोजनमा स्वअध्ययन र स्वअभ्यासबाट सिक्ने परिवेशको सिर्जना यस नेपाल खुला विश्वविद्यालयले गरेको छ ।

मुलतः यसको सेवाग्राही समूह परम्परागत विश्वविद्यालयमा अवसर प्राप्त गर्न नसकेका र विशेषत सीमान्तकृत समूह हुन् र यी समूहलाई उच्चशिक्षा प्रदान गर्ने वसर विश्वविद्यालयले सीमित रुपमा भएपनि प्रदान गरिरहेको छ। स्रोतसाधनको सीमितताका कारणले विश्वविद्यालयले ठूलो संख्यामा विद्यार्थीहरु अध्यापन गराउन सकेको छैन। सबैका लागि पहुँच दिन शैक्षिक कार्यक्रमहरुको विविधिकरणका अर्को मुख्य पाटो हो ।

यसर्थ विश्वविद्यालयले साधारण तथा प्राविधिक व्यावसायिक दुवै किसिमका शैक्षिक कार्यक्रमहरुको सुरुवात गरको छ। विश्वविद्यालयले यसलाई अझ विस्तार गर्दै लैजाने रणनीति लिएको छ। नेखुविले कृषि, उद्योग, व्यापार एंव स्वास्थ्यलगायत अन्य विषय क्षेत्र एंव सम्बन्धित सीपयुक्त पेशागत र प्राविधिक कार्यक्रमहरु सञ्चालन गरी जिवनपर्यन्त शिक्षको अवसर उपलब्ध गराउनुका साथै ज्ञानको अद्यावधिकता र पुर्नसीप प्रदान गर्ने कार्यक्रम तयार गरीरहेको छ । विश्वविद्यालयले ज्ञानको साझा र सहज उपभोगका लागि विस्तारै केहि कोर्षहरु सवैका लागि खुला गर्ने लक्ष्य राखेको छ । ज्ञान र सूचनाहरु विद्युतीकृत डिजिटलाइज गरी सहज ढंगले केन्द्रीयतामार्फत सहज असिमित र अविरल प्रवाहित हुने व्यवस्था मिलाउने प्रयासमा विश्वविद्यालय छ । विद्यार्थीहरुको सिकाइ सहयोगका लागि इ-पूस्तकालय, प्रत्येक विद्यार्थीका लागि सहयोगी ट्यूटर, विद्युतीय सिकाइ व्यवस्थापन प्रणाली, भिडियो कन्फरेन्सिङ, विद्यार्थी सिकाइ समूह लगायत सिकाइ व्यवस्थापन कार्य विश्वविद्यालयले गरिरहेको छ । यी कतिपय नेपालको सन्दर्भमा नयाँ अभ्यास पनि हो ।

> विद्यार्थीहरूलाई शोधकार्य सम्पन्न गराउँदा नेपालको वर्तमान समस्या समाधान गर्ने खालको विषय शिर्षक दिइ कार्य गराउनुपर्दछ, जसले राष्ट्रको वर्तमान आवश्यकता समाधान गर्न सकोस ।

विश्वविद्यालयलाई नेपाल सरकारले तय गरेको संघीय ढाँचामा प्रादेशिक अध्ययन केन्द्रमा विस्तार गर्दै विद्यार्थी भर्ना दर बढाउनुपर्ने आवश्यकता छ । विश्वविद्यालयमा प्रयोगात्मक सीप दक्षता अभिवृद्धि गर्ने खालका कार्यक्रहरु सञ्चालन गर्नुपर्दछ। यावत समस्याहरुले अन्य विश्वविद्यालयको तुलनामा नेखुविलाई अझ परिकृत तथा भरपर्दो वैकल्पिक शैक्षिक संस्थाको रुपमा अगाडी बढाउनुपर्ने अवस्था रहेको छ । नेखुविमा नैतिकवान तथा क्षमतावान शिक्षक तथा कर्मचारीको व्यवस्था तथा पठपाठन शुल्क न्युन गराइ बढीभन्दा बढी विद्यार्थीहरु समेट्नु आजको आवश्यकता बनेको छ । कक्षाभारको आधारमा शिक्षक संख्या तथा पठनपाठन उपकरण ल्यापटप लगायतका प्रविधिको व्यवस्था गरिनुपर्दछ, अनुगमनलाई कडाइ गर्दै सुरुमै जानुपर्ने हुन्छ ।

विद्यार्थीहरुलाई शोधकार्य सम्पन्न गराउँदा नेपालको वर्तमान समस्या समाधान गर्ने खालको विषय शिर्षक दिइ कार्य गराउनुपर्दछ, जसले राष्ट्रको वर्तमान आवश्यकता समाधान गर्न सकोस । यसको लागि नेपाल सरकार र नेपाल खुला विश्वविद्यालयबीच समन्वय गर्नु आवश्यक छ ।

प्रविधिको प्रयोग गरी पठनपाठन गर्ने भएको हुँदा विश्वविद्यालयसँग बलियो डाटा सेन्टर हुनु आवश्यक छ भने नविनतम् पठनपाठन सामग्रीको उपलब्धता सहज हुनु पर्ने देखिन्छ। उच्चस्तरिय स्पीड भएको डाटा प्याकेज हुन आवश्यक छ । यसका लागि नेपाल टेलिकम तथा नेपाल सरकारसँग सहकार्य गर्नुपर्ने आवश्यकता रहन्छ। नेपाल खुला विश्वविद्यालयमा पढ्ने विद्यार्थीहरुसँग पनि उच्च गुणस्तरिय डाटा हुनुपर्ने अवस्था छ। यसका लागि सरोकारवालासँग छलफल तथा परामर्श गरी निष्कर्षमा पुग्न जोड दिनुपर्दछ । विद्यार्थी सूचना व्यवस्थापन प्रणालीलाई चुस्त दुरुस्त राख्न उच्च गुणस्तरिय सम्बन्धित विषयमा जानकार विज्ञलाई नियुक्ति गरी चुस्त दुरुस्त राख्नुपर्दछ ।

शैक्षिक गुणस्तर कायम राख्दै वर्तमान देशको आवश्यकतासँग मेल खाने जनशक्ति उत्पादन गरी राष्ट्र निमार्णमा टेवा पुऱ्याउन सकेको खण्डमा नेपाल खुला विश्वविद्यालयको उज्वल भविष्य सुनिश्चित हुन्छ भन्नुमा दुइमत नहोला । यस विश्वविद्यालयमा प्रविधिमैत्री पदाधिकारी नियुक्ति गर्ने परिपाटीको सुरुवात हुनुपर्ने आवश्यकता रहेको छ । नेपाल जब पूर्णरुपमा डिजिटल प्रविधियुक्त हुँदै जान्छ तब नेखुविको भूमिका भविष्य झन् प्रभावकारी हुनेमा दुइमत नहोला ।

# विश्वभर एक करोड १५ लाख बढीले जिते कोरोना



काठमाडौं/एजेन्सी- विश्वभर कोरोना भाइरसको संक्रमण भएका १ करोड १५ लाखभन्दा मानिस संक्रमणमुक्त भएका छन्। आइतबार रातिसम्मको तथ्यांक अनुसार हालसम्म विश्वभरबाट १ करोड १५ लाख भन्दा बढी व्यक्ति कोरोना संक्रमुणमुक्त भएका हुन्। सबैभन्दा बढी निको हुनेमा अमेरिका पहिलो नम्बरमा छ। ब्राजिल, भारत र रुसले अमेरिकालाई पछ्याइरहेका छन्।

अमेरिकामा २३ लाख ८० हजारभन्दा बढी संक्रमित निको भएका छन् भने ब्राजिलमा १८ लाख ८४ हजारभन्दा बढी व्यक्ति निको भएका छन्। भारतमा ११ लाख ८८ हजारभन्दा बढी संक्रमित निको भएका छन्। रुसमा निको हुनेको संख्या ६ लाख ५३ हजारभन्दा बढी छ।

हालसम्म विश्वका ६ लाख ९३ हजारभन्दा बढी संक्रमितको भने मृत्यु भएको तथ्यांक छ। त्यसैगरी कुल सङ्क्रमितको संख्या पनि एक करोड ८२ लाख नाघेको पछिल्लो तथ्यांकमा उल्लेख गरिएको छ। सबैभन्दा धेरै सङ्क्रमित र मानवीय क्षति अमेरिकामा भएको छ भने दोस्रो धेरै प्रभावित ब्राजिलमा देखिएको छ।

पछिल्लो विवरण अनुसार अमेरिकामा कुल सङ्क्रमितको संख्या ४८ लाख १३ हजार नाघेको छ। त्यसैगरी यहाँ कुल मृतकको संख्या एक लाख ५८ हजार नाघेको पनि अधिकारीहरुले जनाएका छन्। दोस्रो धेरै प्रभावित भएको ब्राजिलमा २७ लाख ३३ हजार बढी व्यक्ति सङ्क्रमित भएका छन् भने ९४ हजार एक सयभन्दा बढीको मृत्यु भएको छ।

युरोपमा २८ लाख ९९ हजारभन्दा बढी कोरोना भाइरस संक्रमित रहेका छन् भने दुई लाख ३ हजारभन्दा बढीको मृत्यु भएको छ। एसियामा ४४ लाख ५१ हजारभन्दा बढीमा कोरोना भाइरस संक्रमण रहेको छ भने ९९ हजार ३ सयभन्दा बढीको मृत्यु भएको छ।

अफ्रिकामा ९ लाख ६१ हजार ३ सयभन्दा बढीमा कोरोना भाइरस संक्रमण रहेको छ भने २० हजार ३ सयभन्दा बढीको मृत्यु भएको छ। ओसियानामा १९ हजार ७ सय बढीमा कोरोना भाइरस संक्रमण रहेको छ भने २ सयभन्दा बढीको मृत्यु भएको छ।

यसैबीच कोरोना भाइरसलाई महामारी घोषणा गरेको छ महिनापछि बसेको विश्व स्वास्थ्य संगठनको बैठकले यो लामो समयसम्म रहने निष्कर्ष निकालेको छ। बैठकपछि संगठन प्रमुख डा टेड्रोस घेब्रेयेससले कोरोना महामारी लामो समयसम्म रहने देखिएको बताए। सगठनले यसै वर्ष जनवरी ३० मा कोरोनालाई महामारी घोषणा गरेको थियो। यो अवधिदेखि हालसम्मको अवस्था मूल्यांकनका लागि गत शुक्रबार विश्व स्वास्थ्य संगठनको आपतकालीन बैठक बसेको थियो।

कमिटिले यो भाइरसका कारण आएको महामारी अब पनि कायमै रहेको निष्कर्ष निकालेको छ। डा घेब्रेयेससले अझै पनि यसको खतरा कायम रहेको बताए। 'धेरै देशलाई लागेको हुनसक्छ कोरोनाको खराब समय आएर गयो तर त्यहाँ दोस्रो लहर देख्न थालिएको छ,' उनले भने, 'शुरुवाती सप्ताहमा जहाँ संक्रमणको संख्या कम थियो अहिले तीव्र गतिमा बढिरहेको छ।' तीन महिनापछि फेरि कमिटिको बैठक हुने र कोरोनाको स्थितिको समीक्षा गरिने उनले बताए।

# नासाका अन्तरिक्ष यात्रीहरु सकुशल पृथ्वीमा अवतरण



**काठमाडौं/एजेन्सी-** अन्तर्राष्ट्रिय अन्तरिक्ष केन्द्रबाट दुई अन्तरिक्ष यात्रीलाई लिएर अमेरिकी अन्तरिक्ष यान आइतबार पृथ्वीमा सकुशल अवतरण गरेको छ। अमेरिकाले झण्डै दुई दशकपछि पहिलो पटक मानव सहितको अन्तरिक्ष यान अन्तर्राष्ट्रिय अन्तरिक्ष केन्द्रमा पठाएको थियो।

यो अभियान अमेरिकी अन्तरिक्ष केन्द्र (नासा) र अमेरिकी धनाढ्य एलन मस्कले स्थापना गरेको निजी कम्पनी स्पेसएक्सद्वारा संयुक्त रुपमा संचालन गरिएको थियो। पछिल्लो उपलब्धिले अमेरिकाले अहिले पनि सुरक्षित रुपमा मानवलाई अन्तरिक्षमा पुऱ्याएर सुरक्षित रुपमा पृथ्वीमा अवतरण गराउने क्षमता रहेको देखाएको छ।

स्पेसएक्समा यात्रारत दुई अन्तरिक्ष यात्री फ्लोरिडा नजिकको समुद्री क्षेत्रमा प्यारासुट मार्फत अवतरण गरेका थिए। अमेरिकाले सन् १९७५ मा अपोलो-सोयुज मिसन पश्चात् पहिलो पटक समुद्री इलाकामा अन्तरिक्ष यात्रीलाई ओरालेको हो। यस मिसनमा कमान्डर बब बेनकिन र डघ हर्ली सहभागी थिए। अन्तरिक्ष अभियान सफल भएकामा नासाका वैज्ञानिकहरुले सन्तोष व्यक्त गरेका छन्। लागत बढेको भन्दै अमेरिकाले केही वर्षदेखि मानव अन्तरिक्ष अभियान स्थगित गरेको थियो।

दुई महिनाअघि अन्तरिक्ष यान प्रक्षेपणको अवलोकन गर्न फ्लोरिडा पुग्नु भएका अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अभियान सफल र सुरक्षित रुपमा सम्पन्न भएकामा बधाई दिएका छन्। सन् २०११ मा अन्तिम अन्तरिक्ष यान प्रक्षेपण गरेको अमेरिकाले अन्तरिक्ष यात्रीलाई अन्तर्राष्ट्रिय अन्तरिक्ष केन्द्रमा पठाउन रुसको सहायता लिन थालेको थियो।

# अफगान कारागारमा आइएसको हमला, २० जना मारिए



**काठमाडौं/एजेन्सी-** अफगानिस्तानको पूर्वी जलालाबादस्थित एक कारागारमा अतिवादी इस्लामिक स्टेट समूहले गरेको आक्रमणमा कम्तीमा २० जनाको मृत्यु भएको छ। प्रान्तीय सरकारी अधिकारीहरुका अनुसार त्यसक्रममा आक्रमणकारी र सुरक्षाफौजबीच भिडन्त समेत भएको थियो।

प्रान्तीय अस्पतालका प्रवक्ता जाहेर अदेलले कम्तीमा २० जनाको मृत्यु भएको पुष्टि गर्नुभयो। मारिनेहरुमा सुरक्षाकर्मी समेत रहेका छन्। प्रान्तीय गभर्नरका प्रवक्ताले उक्त आक्रमणमा कारागारका बन्दी, सुरक्षाकर्मी समेत २१ जनाको ज्यान गएको बताएका छन्।

गत शुक्रबारदेखि ईद पर्वका अवसरमा अफगान सरकार र मुख्य विद्रोही समूह तालिबानबीच तीन दिने युद्धबिराम लागू छ। अफगान राष्ट्रपति अस्रफ घानीले ईदलगत्तै तालिबानसँग वार्ता शुरु हुने र त्यसपछि स्थायी युद्धबिराम हुने बताएका छन्।

# इरानले कोरोनाबाट मृत्यु हुनेको संख्या लुकायो ?



**तेहरान/एजेन्सी-** इरानमा कोरोना भाइरसको संक्रमणबाट मृत्यु हुनेको संख्या त्यहाँको सरकारले सार्वजनिक गरेभन्दा तेब्बर रहेको बीबीसी पर्सियन सेवाको अनुसन्धानले खुलासा गरेको छ।

इरान सरकारको तथ्यांकअनुसार कोरोना संक्रमणबाट २० जुलाईसम्म देशभर ४२ हजारको मृत्यु भएको देखाउँछ। तर, इरानी स्वास्थ्य मन्त्रालयले भने हालसम्म १४ हजार ४०५ जनाको कोरोना संक्रमणबाट मृत्यु भएको जनाएको छ।

त्यसैगरी कोरोना भाइरस संक्रमितको संख्या पनि सार्वजनिक भएको भन्दा दोब्बर छ। इरानमा कोरोना संक्रमणबाट चार लाख ५१ हजार २४ रहेको जनाइएको छ। तर, इरानको स्वास्थ्य मन्त्रालयले भने हालसम्म दुई लाख ७८ हजार ८२७ कोरोना संक्रमित भएको जनाएको छ।

आधिकारिक तथ्यांकअनुसार मध्यपूर्वमा कोरोना संक्रमणबाट सबैभन्दा बढी खराब भएको देखिन्छ। पछिल्लो समय इरानमा दोस्रो लहरको संक्रमण फैलिन सुरु भएको छ। इरानामा २२ जनवरीमा कोरोना संक्रमणबाट पहिलो व्यक्तिको मृत्यु भएको छ। यसको करिब एक महिनाअघि नै कोरोना संक्रमण देखिएको बताइएको छ। इरानको आधिकारिक तथ्यांक स्रोतले बीबीसीलाई उपलब्ध गराएको जनाइएको छ।

# दक्षिण अफ्रिकाका शिक्षण संस्थाहरु बन्द



**काठमाडौं/एजेन्सी-** दक्षिण अफ्रिकाका विद्यालय तथा क्याम्पस लगायत सम्पूर्ण शिक्षण संस्थाहरु बन्द भएका छन्। कोरोना महामारीको संक्रमण बढ्दो रुपमा देखिएका कारण दक्षिण अफ्रिकी सरकारले यहाँका विद्यालय, विश्वविद्यालय तथा सम्पूर्ण शिक्षण संस्थाहरु बन्द गर्ने घोषणा यसअघि नै गरेको थियो।

दक्षिण अफ्रिकामा कोरोना भाइरसको महामारी पछिल्लो समयमा निकै बढ्दै गएको छ। सोही कारण यहाँका विद्यालय तथा विश्वविद्यालयहरु बन्द गरिएको यहाँको शिक्षा मन्त्रालयले जनाएको छ।

यही जुलाई २७ तारिखदेखि यहाँका विद्यालयहरु बन्द भएका हुन्। यो बन्द आगामी अगष्ट महिनाको अन्त्यसम्म नै कायम रहने अधिकारीहरुले जनाएका छन्। सोसम्बन्धी आदेश दक्षिण अफ्रिकाका राष्ट्रपति सिरिल रामाफोसाले दिनुभएको बताइएको छ।

दक्षिण अफ्रिकामा जुलाई १२ यता देखिको तथ्यांकमा हेर्दा कोरोना भाइरस ठूलो संख्यामा संक्रमण देखिएको बताइएको छ। यहाँ आजसम्ममा ५ लाख ११ हजारभन्दा बढीमा यो संक्रमण फैलिएको पाइएको छ। त्यसैगरी यहाँ ८ हजार भन्दा बढी व्यक्तिको निधन भएको छ।

यहाँ पछिल्ला दिनहरुमा निकै ठूलो संख्यामा संक्रमण बढ्दै गएको देखिएकोले शिक्षण संस्थाहरु बन्द गर्नुका साथै अरु विभिन्न नियन्त्रणका उपायहरु अपनाइएको यहाँका स्वास्थ्य अधिकारीहरुले जनाएका छन्।

# बोको हरामद्वारा १८ सर्वसाधारणको हत्या



**काठमाडौं/एजेन्सी-** क्यामरुनको सुदुर उत्तरी क्षेत्रमा बोको हराम नामक सशस्त्र विद्रोही समूहले गरेको आक्रमणका क्रममा कम्तीमा पनि १८ जना सर्वसाधारण नागरिकको ज्यान गएको छ। सो आक्रमणमा परी लिदु साहेल भन्ने क्षेत्रमा ती नागरिकको ज्यान गएको समाचारमा जनाइएको छ। सो हमलामा परी अरु कम्तीमा पनि ११ जना सर्वसाधारण नागरिक गम्भीर रुपमा घाइते भएका बताइएको छ।

बोको हरामका हतियारधारी वद्रोहीहरुले सर्वसाधारणको हत्या गर्ने उद्देश्यले ठूलो संख्यामा उपस्थित भएर उनीहरुमाथि हमला गरेका यहाँका सञ्चारमाध्यमले जनाएका छन्। यहाँको एक स्थानीय पत्रिकाले सो समाचार दिएको छ। उक्त पत्रिकाका अनुसार सो क्षेत्रमा शनिबार राति बोको हरामका सशस्त्र विद्रोहीहरुले उक्त क्षेत्रका स्थानीय सर्वसाधारणको हत्या गर्नेगरी सो हमला गरेका थिए।

बोको हरामले पश्चिमी अफ्रिकामा गएका कैयौं वर्षहरु देखि ठूलो मात्रामा हमला गर्ने गरेको पाइएको छ। जसका कारण यहाँका हजारौं मानिसको ज्यान गएको छ भने कैयौं नागरिकलाई अपहरण गर्ने गरेका छन्। पछिल्लो समयमा बोको हरामले आफ्नो अभियानका विरुद्धमा लागेको भन्दै सर्वसाधारण नागरिकलाई तारो बनाउने गरेका छन्।

# 'अमेरिकामा फरक ढंगमा फैलँदै कोरोना'



**काठमाडौं/एजेन्सी-** कोरोना भाइरस (कोभिड-१९) महाव्याधि विरुद्धको लडाइँमा अमेरिका नयाँ चरणमा पुगेको डा. डेबोरा ब्रिक्सले बताएका छन्। ह्वाइटहाउस कोरोनाभाइरस टास्क फोर्सका संयोजक ब्रिक्सले आइतबार 'स्टेट अफ युनियन'मा बोल्दै ' यो ज्यानमारा भाइरस यो वर्षको शुरुवाततिका अमेरिकामा देखापरेको भन्दा पनि झनै बढी फैलिनेखालको रहेको' चेतावनी समेत दिएका छन्।

'आज हामीले देखिरहेको स्थिति मार्च-अप्रिलको भन्दा फरक छ। यो अत्यन्तै फरक ढंगले फैलिरहेको छ। यो शहरी क्षेत्रहरुमा जस्तै ग्रामीण भेगहरुमा पनि उत्तिकै फैलिरहेको छ,' सीएनएनलाई ब्रिक्सले बताएका छन्। अमेरिकी जनताले मास्क लगाउने तथा सामाजिक दूरी कायम गर्ने लगायतका अन्य स्वास्थ्यसम्बन्धी सिफारिशहरु पालना गर्नैपर्ने कुरामा पनि जोड दिएका छन्।

'शहरबाहिरका क्षेत्रमा बस्ने प्रत्येक व्यक्तिहरु, तपाईंहरु यो भाइरसप्रतिरोधी वा यो भाइरसबाट बच्ने अवस्थामा हुनुहुन्न,' बिक्सले भनेका छन्, 'तपाईंहरु संयूक्त परिवारमा हुनुहुन्छ, र तपाईं बसोबास गर्नुभएको क्षेत्र वा शहरमा महामारी फैलिएको छ भने, तपाईंको घरमा बहु स्वास्थ्य समस्या भएका पारिवारिक सदस्य हुनुहुन्छ भने तपाईंले आफूलाई कोरोनापोजेटिभ छु भन्ने ठानेर घरमा समेत अनिवार्य रुपमा मास्क लगाउनै पर्छ।'

'अहिले यो महाव्याधि फरक खालको छ र यो ग्रामीण तथा शहरी दुवै क्षेत्रमा व्यापक रुपमा फैलिन खालको छ,' उनले भनेकी छिन्। अमेरिकाको सेन्टर्स फर डिजिज कन्ट्रोल एण्ड प्रिभेन्सनले अगामी अगस्त २२ सम्ममा १ लाख ७३ हजार अमेरिकीहरुको यही महामारीको कारण मृत्यु हुन सक्ने आँकलन गरेको छ।

त्यसैगरी, अमेरिकाको फुड एण्ड ड्रग एड्मिनिस्ट्रेटर डा. स्कट गोट्लिएबले पनि गत महिना सिएनबीसीमा बोल्दै मुलुकले आफ्ना तौरतरिकाहरुमा बदलाव ल्याएन भने यो वर्षको अन्त्यसम्मा करिब ३ लाख मानिसहरुको मृत्यु हुन सक्ने चेतावनी दिइसकेका छन्।

विक्सले यो वर्षको अन्त्यसम्ममा कति अमेरिकीहरुको ज्यान जान सक्छ भन्ने कुराको प्रक्षेपण त गरिनन् तर उनले मृत्यु हुनेहरुको संख्या ठूलो मात्रामा दक्षिणी र पश्चिमी राज्यहरुको महामारी रोक्ने प्रयत्नहरुलाई कत्तिको बढाउन र कायम राख्न सक्छ भन्ने कुरामा निर्भर हुने बताए। यतिखेर अमेरिकाका ती क्षेत्रका राज्यहरु कोरोनोभाइरसको हटस्पटको रुपमा देखापरेका छन्। 'यो व्यापक रुपमा फैलिरहेको घटना हो र हामीले यसलाई रोक्नै पर्छ। हामीले निश्चितै रुपमा धेरै सावधानीहरु अपनाउनुपर्छ,' ब्रिक्सले भनेकी छिन्।

'के संघीय सरकारले महामारीविरुद्धका आफ्ना जवाफी कारवाहीहरुलाई 'रिसेट' गर्नुपर्ने बेला आएको हो' भनी सोधिएको प्रश्नको जवाफमा ब्रिक्सले भनेकी छिन्, 'मेरो विचारमा दक्षिणी क्षेत्रमा यो हुन थालेको देखिएपछि नै संघीय सरकारले करिब ५-६ हप्ताअघि नै त्यो प्रक्रिया गरिसकेको छ।' तर करिब ६ हप्ताअघि मात्रै कोरोनाभाइरस टास्क फोर्सको नेतृत्व गरिरहेका अमेरिकी उपराष्ट्रपनि माइक पेन्सले चाहिँ वालस्ट्रिट जर्नलमा प्रकाशित एक विज्ञापनमा 'अमेरिकाले लडाइँ ज्तिदै गएको र दोस्रो लहर नआउने' दावी गरेका थिए। त्यसबारेमा ब्रिक्सले केही बोलिनन्।

ब्रिक्सका अनुसार 'प्रत्येक राज्यले कोभिड-१९ का बारेमा सामुदायिक स्तरमा हामीले के देखिरहेका छौं र अस्पतालहरुमा सापेक्षित रुपमा के देखिएको छ भन्ने सन्दर्भमा गरिएका सिफारिशहरुको आधारमा 'नाँपजोख' वाला विधि अपनाउनु जरुरी छ।'

ट्रम्प प्रशासनले कोभिड-१९ विरुद्धको लडाइँमा थुप्रै निर्णयहरु लिने जिम्मेवारी राज्यस्तरमा छाडिदिएका छन्। त्यस आधारमा राज्यका गभर्नरहरुले कोरोनाभाइरससम्बन्धी प्रतिबन्धहरु कहिले लागू गर्ने वा खुकुलो पार्ने तथा राज्यका आर्थिक गतिविधिहरुलाई खुला गर्ने भन्नेबारे निर्णय गर्न सक्नेछन्। स्कुलको नयाँ शैक्षिक सत्रको शुरुवात हुने बेलामा राज्य वा स्थानीय नेतृत्वले स्कुल खोल्न दिनु उचित हुन्छ कि हुँदैन भन्ने एउटा प्रमुख प्रश्न अमेरिकामा उठेको थियो।

त्यस सन्दर्भमा ब्रिक्सको भनाइ '५ प्रतिशत कोरोनापोजेटिभ केसहरु देखिएका राज्यमा स्कुल बन्दै रहनुपर्ने र दूरीमा आधारित शिक्षा मात्रै सञ्चालन गरिनुपर्ने' थियो। 'कोरोनासंक्रमणको दर उच्च छ र समुदाय स्तरमा यो फैलिरहेको छ भने हामीले यो महामारीलाई नियन्त्रणमा ल्याउनका लागि मानिसहरुलाई बारमा नजाउ, घरमा पार्टीहरु नगर, धेरै मानिसहरु जमघट हुने उत्सवहरु नमनाउ तथा दुर शिक्षा अपनाउ भनिरहेका छौं,' ब्रिक्सको भनाइ थियो। तर साथसाथै, उनले स्कुल खोल्नेबारे सेन्टर फर डिजिज कन्ट्रोलको गाइडलाइनको चाहिँ प्रतिरक्षा गरेका थिए। त्यसगाइडलाइनले चाहिँ स्कुल खोल्ने कुराको पक्षपोषण गर्ने गर्छ। यतिखेर अमेरिका संसारभरिमै कोरोना प्रकोपको सबैभन्दा बढी पीडित मुलुक बनेको छ।

# बक्स अफिस समाचार

## निरुताको 'सपनाको महानायक' भुवन केसी

अभिनेत्री निरुता सिंहले अभिनेता भूवन केसी आफ्ना लागि रियल हिरो भएको बताएकी छिन् । सामाजिक संजालमा स्टाटस लेख्दै निरुताले भनेकी छिन्, 'मलाई आज पनि सम्झना आउँछ, दार्जिलिङ्गमा छदाको त्यो बेलाको, जुन बेला हामी साथीभाइहरु बसेर चलचित्रको नायक अनी नायको कुरा गर्थ्यौं । दार्जिलिङ्गमा हामीले नेपाली चलचित्रको नायक अनी नायिका भनेर चिनेको जानेको नै नायक भूवन केसी र नायिका तृत्ती नाडकर हुनुहुन्थ्यो । हामी सबै उहाँहरुको फ्यान थियौं ।'

निरुताले आफूले सपनाको महानायकसँग डेब्यू चलचित्रमा नै काम गर्न पाउँछु भनेर कहिले नसोचेको पनि उल्लेख गरेकी छिन् । उनी लेख्छिन्, ' त्यो बेला मैले सपनामा पनि सोचेको थिइनँ कि मेरो पहिलो चलचित्रमा नै मेरो सपनाको महानायकसँग काम गर्ने मौका पाउँछु भनेर, त्यतिमात्र हाइन, म नयाँ कलाकारलाई भुवन केसीले जसरी सहयोग गर्नुभयो, त्यो देखेर म झनै उहाँको फ्यान भएँ । यसका लागि म आफैलाई भाग्यमानी ठान्दछु । भुवन दाई हजुरले गर्नुभएको हर सहयोग अनी मायाका लागि मुरी मुरी धन्यवाद । हजुरको त्यो माया र सहयोग म मेरो जीवनको अन्तिम दिनसम्म पनि भुल्ने छैन । हजुर मेरो लागि रियल हिरो हो ।' नायिका निरुता सिंहले भूवनले आफू नयाँ कलाकार हुँदा निकै सहयोग गरेको भन्दै उनको प्रशंसा गरेकी छिन् ।

> त्यो बेला मैले सपनामा पनि सोचेको थिइनँ कि मेरो पहिलो चलचित्रमा नै मेरो सपनाको महानायकसँग काम गर्ने मौका पाउँछु भनेर, भुवन केसीले जसरी सहयोग गर्नुभयो, त्यो देखेर म झनै उहाँको फ्यान भएँ ।



तुलसी घिमिरे निर्देशित फिल्म 'दक्षिणा' बाट निरुता सिंहले अभिनेत्रीको रुपमा डेब्यू गरेकी थिइन् । यसमा उनको अपोजिटमा भुवन केसी थिए । यो फिल्म बक्सअफिसमा सुपरहिट भएपछि निरुताको करिअरले एकाएक उचाइ लिएको थियो । यसकारण पनि उनका लागि यो फिल्म निकै विशेष छ। 'दक्षिणा' पछि निर्देशक घिमिरेका हरेक फिल्ममा उनले स्थान पाउन थालेकी थिइन् । पछिल्लो समयमा नायिका सिंहले नायक केसीले निर्माण गरेको चलचित्र 'क्याप्टेन'को एउटा गीतमा अभिनय गरेकी थिइन् ।

'महानायक' विवाद र साम्राज्ञी आरएल शाहले भुवन केसीमाथि दुर्व्यवहारको आरोप लगाएको समयमा निरुताको यो भनाईलाई सामान्य रुपमा बुझ्न सकिन्न । उनले घुमाउरो शैलीमा भुवन केसीलाई 'महानायक' भनेकी छन् । त्यस्तै, पहिलो फिल्ममा भुवन केसीले आफूलाई निकै सहयोग गरेको बताउनुले साम्राज्ञीले लगाएको आरोपमा सत्यता नभएको उनको आशय हुनसक्छ ।

यसैबीच भुवन केसीलाई सम्मान दिने बहानामा राजेश हमालको अपमान गरेको र भुवन केसीको चमचागिरी गरेको भन्दै उनको विरोध भइरहेको छ । यस विषयमा निरुताले आइतवार फेसबुकमा स्टाटस लेख्दै आफूले भुवन केसीलाई महानायकको उपाधि नदिएको र चमचागिरी पनि गरेको बताएकी छन् । राजेश हमाल फिल्ममा आउनुभन्दा अगाडि भुवन केसीका 'कुसुमे रुमाल', 'सम्झना', 'साइनो' फिल्म हेरेको उल्लेख गर्दै उनले 'मेरो सपनाको महानायक' शब्दको मतलब दर्शकहरुले नबुझेकै हुन् त भनेर प्रश्न पनि गरेकी छन् ।

उनले राजेश हमाललाई आफूले पनि 'महानायक' मान्ने बताउँदै लेखेकी छन्, 'एउटा कलाकारको नाताले के मलाई मेरो अग्रज दाइ अनि दिदिहरूलाई सम्मानपूर्वक उपाधि दिने अधिकार पनि छैन र ? मेरो लागि ति सबै अग्रज कलाकारहरू नै महानायक अनि महानायिका हुन्, जसले हाम्रो सानो नेपाली चलचित्र क्षेत्रलाई यहाँसम्म पुऱ्याउनका लागि आफ्नो कलाको योगदान दिनुभएको छ ।'

उनले आफ्नो लागि राजेश हमाल, भुवन केसी, शिव श्रेष्ठ, हरिवंश आचार्य, मदनकृष्ण श्रेष्ठ, नीर शाहलगायत महानायक र भुवन चन्द, बसुन्धरा भुसाल, करिश्मा मानन्धर, गौरी मल्ल, मिथिला शर्मालगायत महानायिका रहेको बताएकी छन् । कसैलाई सम्मान गरेर महानायक, महानायिका, सुपरस्टार वा मेघास्टारको उपाधि दिनु आफ्नो नितान्त विचार रहेको निरुताको भनाइ छ ।

भुवन केसीको चमचागिरी गरेको भन्ने दर्शकको आरोपमा निरुताले थपेकी छन्, 'म उहाँहरूलाई भन्न चाहन्छु कि म नेपाली चलचित्रदेखि टाढा रहेको धेरै वर्ष भइसक्यो । अनि मैले नेपाली चलचित्रमा काम गर्नको लागि आज आएर कसैको चमचागिरी गर्नु जरूरी नै छैन ।' उनले कोरोनाको महामारीको समयमा 'महानायक' को विषयमा अल्झिनु राम्रो नभएको पनि बताएकी छन् ।

## आर.के सुवेदीले पूरा गरे ८५० औं कार्यक्रम आयोजना




**सिन्धुपाल्चोक/मस-** २०६० सालदेखि एतिहासिक दोलखा चलचित्र महोत्सव कार्यक्रम आयोजनाबाट नेपालको इभेन्ट आयोजनामा पाइला टेकेका राम बाहादुर सुवेदी (आर.के)ले आफ्नो शनिबारको कार्यक्रम बक्स अफिस नागरिक सम्मान २०७७ कार्यक्रम सम्पन्न गरेपछि कुल ८५० संस्करणको आकडा पार गरेका छन् ।

उनले देश विदेशमा गरी कलाकार बुद्धिजिविहरुको मैत्रिपूर्ण फुटबल, नेशनल बक्स अफिस फिल्म फेयर अवार्ड, नेशनल बक्स अफिस म्यूजिक भिडियो, नेशनल बक्स अफिस टेलिफिल्म अवार्ड, ग्लोबल मोसन पिक्चर्स अवार्ड, पृथ्वी परिक्रमा नागरिक सम्मान, नेशनल बक्स अफिस सर्ट फिम्ल अवार्ड, नेशनल हिरो अवार्ड, बल्कबस्टर नेपाली फिलम अवार्ड सम्बन्धित कार्यक्रम आयोजना गरी यति धेरै संख्यामा कार्यक्रम आयोजना गरेका हुन् ।

नेपाल इभेन्ट अर्गनाइजेशन एशोसिएसन, चलचित्र पत्रकार संघ नेपाल, ग्लोबल एक्टर्स फेडेरेशनका संस्थापक अध्यक्षसमेत रहेका सुवेदीले पर्यटनको गन्तब्य सिन्धुपाल्चोकको सुकुटे रिसोर्टमा एक कार्यक्रम आयोजना गरी ' कोरोनाबाट सचेत रहौं, आफु पनि बांचौं अरुलाई पनि बचाऔं', ' कोरोनासँग लड्दै नेपाली गीतसंगीत र चलचित्रलाई माया र सम्मान गरौं' भन्ने नारासहित नियमित आयोजना गरिएको उक्त समहारोमा पुराना चलचित्रकर्मी गिरिराज लामिछाने, गायक संगितकार देव कुमार चौधरी, गायिका तथा गितकार सपना पुन, गायक चन्द्र बाहादुर तामाङलाई गुड्मिल अमृत निर्माण सेवा प्रमुख अमृत थिंग तामाङ र संयुक्त अपांग एकता आवाज केन्द्रका अध्यक्ष तिल बहादुर कार्कीले सम्मानित गरे ।

गत हप्ता पनि सुवेदिले एक कार्यक्रम आयोजना गरी आफ्नो ८४९ औं संस्करणमा झण्डै तीन दशक लामो नेपाली चलचित्रको पटकथा, संवाद र चलचित्र निर्माणमा पुऱ्याएको उच्च योगदानको मुल्यांकन गर्दै बक्स अफिस इन्टरनेसनल ग्रुप र बक्स अफिस फिल्मी कल्ब नेपालले वरिष्ठ चलचित्र लेखक मौनता श्रेष्ठ, पाँच दशकदेखि गीतसंगीतमा लागेका गायक कृष्ण बस्नेतलाई शनिवार एक विशेष कार्यक्रममा सम्मान गरेको थियो ।

कोरोना कहरसँगै व्यावसायिक रुपमा सबैभन्दा लामो समयसम्म थला परेको नेपाली चलचित्र, गीतसंगीत र पर्यटन क्षेत्रको गाउँस्तरदेखि अन्तर्राष्ट्रिय बजारसम्म प्रचारप्रसार र यो क्षेत्रमा लागिपरेका पुराना र नयाँ स्रष्टाहरुलाई सम्मान गर्ने अभियानमा बक्स अफिसले उक्त सम्मान गरेको हो । आगामी असोजको तेस्रो साता पर्यटन नगरी धुलिखेलमा आयोजना हुन गइरहेको १२ औं नेसनल बक्स अफिस फिल्म फेयर अवार्ड आयोजनाको नालादेखि सुकुटेसम्म प्रचारप्रसार र घरदैलो कार्यक्रम गत महिनादेखि निरन्तर चल्दै आएको छ। उक्त कार्यक्रममा पनि सम्मानित श्रेष्ठ, बस्नेत र लामा उत्साहजनकरुपमा सहभागी हुँदै आएका छन् ।

माया नमार, बुबाआमा, दादागिरी, खलनायक, निखिल दाइ, धड्कन लगायत दर्जनौं सुपर हिट फिल्ममा लेखन गरेकी चलचित्र लेखक मौनता श्रेष्ठले आफ्नो लगानीमा अभिमन्यु, आँधी तुफान, भगवान सबैको, पिजँडा ब्याक अगेन, मेरो मान्छे जस्ता चलचित्र निर्माण गरेकी छन् भने नयाँ चलचित्र आँधी तुफान २ को निर्माणको तयारीमा रहेकी छन् ।

हाल श्रेष्ठ निर्माणधीन चलचित्र खलनायक २ को लेखन कार्यमा पनि व्यस्त रहेको बताउँछिन् । पर्यटन स्थल सिन्धुपाल्चोकमा आयोजित कार्यक्रममा सम्मानित भएपछि कार्यक्रममा बोल्दै निर्माता तथा लेखक मौनता श्रेष्ठले अझै आफ्नो कर्ममा नयाँ नयाँ जिम्मेवारी थपिएको बताइन् ।

अर्का सम्मानित व्यक्ति कृष्ण बस्नेत ५० वर्षदेखि गीतसंगीत क्षेत्रमा निरन्तर लागिरहेका छन्। बस्नेतले थुप्रैपटक गीतसंगीत निर्माण गरेका छन् भने ८५० औं संस्करणमा सम्मानित हुने स्रष्टाहरु आफ्नो पेसामा लामो समयदेखि कृयाशिल रहेका छन् । हरेक साता आयोजना हुने बक्स अफिस नागरिक सम्मान तथा कोरोना जनचेतना कार्यक्रमलाई गुड्मिल अमृत निर्माण सेवा प्रा.लि., सयुक्त अपांग एकता अवाज केन्द्र, कोचे मल्टिमिडिया र मध्यान्ह राष्ट्रिय दैनिकले सहकार्य गरेका छन् ।

नेपाली चलचित्र र गीतसंगीतलाई स्थानीय स्तरदेखि अनतर्राष्ट्रिय बजारसम्म विश्व नै कोरोनासँग संघर्ष गरिरहेको बेला बक्स अफिसका नियमित गधिविधिहरुले यस क्षेत्रलाई चलायमान बनाइराख्न अत्यन्त महत्वपूर्ण भूमिका निर्वाह गरेकोमा चलचित्रकर्मीहरुले खुशी व्यक्त गरेका छन्। नेपाल सरकारले भदौ १ गतेदेखि अर्न्तराष्ट्रिय उडान खुला गर्ने भएको हुँदा पूर्व तयारिकासाथ लागि परी थाईल्याण्ड, जापान, रसिया, बेलायत र बेल्जियमका अर्न्तराष्ट्रिय कार्यक्रम आयोजनाको तिथिमिति स्थानीय आयोजकहरुले घोषणा गरेको समयमै समपन्न गर्ने बताएका छन् ।

## निर्देशक विशालको नयाँ फिल्ममा आर्यन



अभिनेता आर्यन सिग्देल 'सेल्फी किङ' बाट निर्देशकीय यात्रा थालेका विशाल सापकोटाको नयाँ प्रोजेक्टमा जोडिने भएका छन् । 'अर्जुन रेड्डी' को नेपाली रिमेकमा सँगै काम गर्न लागेको चर्चा चलिरहँदा उनीहरुले नयाँ फिल्ममा सहकार्य गर्न लागेका हुन्। फिल्मको स्क्रिप्ट निर्देशक सापकोटा स्वयंले लेखिरहेका छन् ।


केही दिनयता आर्यन र विशाल पोखरामा छन्। निर्देशक सापकोटाले भने, 'मैले आर्यनसँगको फोटो सामाजिक सञ्जालमा राखेपछि 'अर्जुन रेड्डी' को तयारीका लागि हो भनेर धेरैले सोध्नुभएको छ। तर, यो फिल्मका लागि हामी पोखरा आएका होइनौं । एक नयाँ प्रोजेक्टमा हामीबीच टिमअप भएको छ । त्यही फिल्मका लागि लोकशन हेर्न पोखरामा छौं ।'

कोरोनाको महामारीपछि सानो बजेटमा फिल्म निर्माण गर्ने उनले बताए । उनले अगाडि भने, 'अहिले ठूलो लगानीमा फिल्म बनाउने वातावरण छैन । सानो लगानीमा राम्रो फिल्म बनाउने सोचमा हामी छौं । स्थिति सामान्य भएपछि सानो टिम लिएर फ्लोरमा जानेछौं ।' फिल्मका लागि अहिलेसम्म आर्यन मात्र फाइनल भएको उनको भनाइ छ। बाँकी कलाकार चाँडै छनौट गर्ने उनले बताए ।

निर्देशक सापकोटाले आर्यनसँगको प्रोजेक्टपछि 'अर्जुन रेड्डी' को नेपाली रिमेकको काम सुरु गर्ने बताएका छन् । उनी भन्छन्, 'यो ठूलो स्केलमा बन्ने फिल्म भएकाले तत्काल बनाउन सम्भव छैन। निर्माताहरु अमेरिकामा बस्ने भएकाले अलि पछि यो फिल्मको काम सुरु हुनेछ ।' विशाल र आर्यनले फिल्म 'आइ मिस यू' मा स्क्रिन साझेदारी गरेका थिए ।

विशालले पछिल्लो समय निर्देशन गरेको फिल्म 'सेल्फी किङ्ग' बक्स अफिसमा नराम्रोसँग पछारिएको थियो। त्यस्तै, आर्यनले अभिनय गरेका २ फिल्म 'हजार जुनी सम्म र च च हुई' पनि गतबर्ष नराम्रोसँग पछारिएको थियो ।

## 'रक्षाबन्धन'मा अक्षय




**काठमाडौं/एजेन्सी–** 'जीरो' फेम्ड निर्देशक आनन्द एल राय र अभिनेता अक्षय कुमारबीच दोस्रो पटक टिमअप भएको छ । 'अतरंगी रे' पछि अब उनीहरु फिल्म 'रक्षाबन्धन' लिएर आउँदैछन्। जनैपूर्णिमा (रक्षाबन्धन) को अवसर पारेर यो फिल्मको निर्माण घोषणा गरिएको छ । 'अतरंगी रे' कै लेखक हिमान्शु शर्माले फिल्मको स्क्रिप्ट तयार पारेका हुन् । फिल्म अर्को वर्षको ५ नोभेम्बरमा रिलिज हुनेछ ।

फिल्मको विषयमा जानकारी दिँदै आनन्दले भनेका छन्, 'रक्षाबन्धन' हामीबीच एक अर्को एसोसिएशन हो । कहानी निकै विशेष छ । यो सम्बन्धको सेलिब्रेसन हो ।' त्यस्तै, अभिनेता अक्षय कुमार भन्छन्, 'त्यो व्यक्ति कति धन्य छ, जोसँग दिदी( बहिनी छन् । मलाई यो कुराको सबैभन्दा बढी खुसी छ कि मेरी बहिनी अलका, निर्देशक आनन्द एल रायसँग मिलेर फिल्म निर्माण गर्दैछिन् ।'

उनले फिल्मको कहानीले दर्शकलाई हँसाउने र रुवाउने बताएका छन् । यो फिल्ममा अक्षयका चार बहिनी हुनेछन् । अक्षय कुमार र आनन्द एल रायबीच लकडाउनको समयमा फिल्म गर्ने सहमति भएको थियो । उनीहरुबीच अन्य तीन फिल्मका लागि पनि डिल भएको भारतीय मिडियाले बताएका छन् । 'बेलबटम' को छायांकन पूरा गरेपछि अक्षय 'रक्षाबन्धन' मा व्यस्त हुने तालिका छ ।

**मोटरसाइकल हराएको सूचना**

मिति २०७६/११/२३ गते बौद्ध न.पा. नयाँ बस्तिमा पार्किङ गरिराखेको ठाउबाट प्रदेश नं. ३-०२-०११ प ४६१० नंम्बरको २२० सि.सि. पल्सर मोटरसाइकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरीदीनु हुन बिनम्र अनुरोध गर्दछु ।

सवारी धनी : यम बहादुर तामाङ
ठेगाना : दुधपोखरी-१, दोलखा
च्यासिस नं: MD2A13EYXKCE87188
इन्जीन नं : DKYCE74192
सम्पर्क : ९८१८२८००१७

# 'अब ए डिभिजन क्लबको आफ्नै मैदान हुन्छ'



**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ साउन

राष्ट्रिय खेलकुद परिषद् (राखेप)का सदस्य सचिव रमेश सिलवालले खेल मैदान नभएका 'ए' डिभिजन क्लबलाई खेल मैदान उपलब्ध गराउने घोषणा गरेका छन् ।

अखिल नेपाल फुटबल संघ (एन्फा)ले राखेपमा नियुक्त भएका पदाधिकारीहरुलाई शुभकामना दिन सोमबार आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै सदस्य सचिव सिलवालले खेल मैदान नभएका 'ए' डिभिजन क्लबहरुलाई मैदान उपलब्ध गराउने बताएका हुन् ।

उनले भने 'सकभर ए डिभिजन क्लबलको खोज्नुस्, सक्नुहुन्न भने एन्फाले सूचना दिए काठमाडौं उपत्यका भित्र वा नजिकैका जिल्लाका कुनैपनि ठाउँमा खेल मैदान उपलब्ध गराउन तयार छु ।'

फुटबलको विकास कसरी गर्ने भन्ने कुरामा राखेप र एन्फाले संयुक्त रुपमा काम गर्नुपर्नेमा सिलवालले जोड दिएका सदस्य सचिव सिलवालले ग्रासरुट कार्यक्रम गर्न जोड दिए । अहिले पनि नेपाली खेलकुदमा 'बक्स प्लेयर' को अभाव रहेको भन्दै जतिबेला पनि अन्य खेलाडीलाई 'रिप्लेस' गर्ने गरि खेलाडी उत्पादनमा जोड दिनुपर्नेमा उनको भनाई थियो ।'

खेलाडीसँग सम्भावना भएको तर म्याच एक्सपोजरको अभाव भएकोले त्यसका लागि राखेपले सघाउने प्रतिवद्धता पनि जनाए । खोलाडिको क्षमता विकासका लागि राम्रो प्रशिक्षण र राम्रो टुर्नामेन्टको जरुरत रहेको भन्दै त्यसका लागि काम गर्नु नै अहिलेको आवस्यकता रहेको सदस्य सचिवको भनाई थियो । आगामी दशैं अगाडि विश्वकप क्वालिफाई खेल लगायतका ३ वटा महत्वपूर्ण प्रतियोगिता हुने र त्यसमा राम्रो गर्न सके अन्तर्राष्ट्रिय रुपमा नै नेपालको फुटबलको चर्चा हुने विश्वास व्यक्त गरे ।

अखिल नेपाल फुटबल संघ(एन्फा)का अध्यक्ष कर्मा छिरिङ शेर्पाले नेपाली फुटबललाई व्यवसायीक रुपमा विकास गर्दै लैजान सरकारले एन्फालाई आर्थिक सहयोग गर्नुपर्नेमा जोड दिए । उनले राष्ट्रिय खेलकुद परिषद् मार्फत आर्थिक सहयोग उपलब्ध हुने विश्वास व्यक्त गरे । सरकारले कम्तिमा पनि तीन देखि चार वर्षका लगानी गरेमा नेपालको फुटबल व्यवसायिक रुपमा अगाडि बढन सक्षम बन्ने बताए । लिगलाई तीन महिना भन्दा बढी समय सञ्चालन गर्न र थप व्यवस्थित बनाउन पनि सरकारको लगानी हुनुपर्नेमा जोड दिए ।

अहिले कतिपय 'ए' डिभिजन क्लबका आफ्नै खेल मैदान नभएकाले राखेपले उपलब्ध गराउनेमा आफु विश्वस्त रहेको शेर्पाले बताए । लकडाउनका कारणले अखिल नेपाल फुटबल संघले आयोजना गर्ने सबै प्रतियोगिता रोकिएका छन् । यसका साथै अन्तर्राष्ट्रिय स्तरमा हुने विभिन्न प्रतियोगितामा समेत खेलाडिहरु जान पाएका छैनन् । त्यस्तै एन्फाले आगामी भदौ १ गतेबाट खेलाडिहरुलाई बन्द प्रशिक्षण गराउने भएको छ ।

## खेलकुद ऐन कुनै धर्मग्रन्थ होइन



**काठमाडौं, मस–** राष्ट्रिय खेलकुद परिषद् राखेपका नवनियुक्त उपाध्यक्ष शिब कोइराला (ज्वाला) हालै कार्यन्वयनमा आएको खेलकुद विकास ऐन २०७७ कुनै धर्मग्रन्थ नरहेको टिप्पणी गरेका छन् । नयाँ खेलकुद विकास ऐन कार्यान्व्यन गर्ने पहिलो चरण अन्तर्गत राखेपको उपाध्यक्षमा नियुक्त भएका कोइरालाले भने 'ऐन धर्मग्रन्थ गीता होइन, यो समय अनुसार परिमार्जन गर्न सकिन्छ ।' नयाँ ऐनले खेलकुदमा गणतन्त्र आएको बताउँदै अब सामूहिक नेतृत्वमा राखेप अघि बढ्ने विश्वास व्यक्त गरे । अखिल नेपाल फुटबल संघ एन्फाले आयोजना गरेको शुभ कामना तथा बधाई ज्ञापन कार्यक्रममा उपाध्यक्ष कोइरालाले नेपाली खेलकुदका विकासका लागि आफू सधै तयार रहेको र आफ्नो चार वर्षे कार्यकाल स्मरणयोग्य बनाउने पनि प्रष्ट पारे ।

कार्यक्रममा स्वागत मन्तव्यका क्रममा एन्फाका वरिष्ठ उपाध्यक्ष पंकज विक्रम नेम्वाङले ऐन आउनु आफैमा स्वागतयोग्य कुरा भए पनि यसका केही प्रावधानहरु अलि नमिलेको संकेत गरेका थिए । उनले ऐनले नेपाल ओलम्पिक कमिटीलाई अलि बढी महत्व दिएको तर्फ संकेत गर्दै यसलाई सच्याउनु पर्नेमा जोड दिए । नेपाली खेलकुदको विकासका लागि अहिलेको राखेपको नेतृत्वबाट ठूलो अपेक्षा रहेको पनि उल्लेख गरे ।

# सन्दीप १४ दिन क्वारेन्टिनमा

**काठमाडौं/रासस–** क्यारेबियन प्रिमियर लिग (सीपीएल) खेल्नका लागि ट्रिनिडाड एन्ड टोबागो गएका नेपाली क्रिकेट खेलाडी सन्दीप लामिछानेलाई १४ दिनको क्वारेन्टिनमा राखिएको छ । सीपीएल खेल्ने सन्दीपलगायत सम्पूर्ण खेलाडीलाई आइतबारदेखि क्वारेन्टिनमा राखिएको हो ।

सीपीएल आगामी भदौ २ गतेदेखि शुरु हुँदैछ । 'प्रतियोगिताअघि सबै खेलाडीले अनिवार्य १४ दिन क्वारेन्टिन बस्नुपर्ने आयोजकले नियम बनाएको छ, त्यसैअनुसार अन्य खेलाडीले जस्तै सन्दीप पनि क्वारेन्टिनमा बस्नु परेको हो,' उनका व्यवस्थापक रमन शिवाकोटीले भने । यसबीचमा सन्दीपले आफ्नो पीसीआर परीक्षणसमेत गराउनु पर्ने उनले बताए । 'पीसीआर परीक्षणपछि मात्र त्यसको नतिजा हेरेर सीपीएल खेल्न पाइनेछ,' उनले भने ।

सन्दीप कोरियन एयरको चार्टर्ड जहाजमार्फत बिहीबार दक्षिण कोरिया र त्यहाँबाट अमेरिका हुँदै ट्रिनिडाड एन्ड टोबागो गएका हुन् । सरकार र अन्य विभिन्न निकायको सहयोगमा उनी टोबागो जान सफल भएका हुन् । टोबागो उड्नुअघि सन्दीपले गत मङ्गलबार पीसीआर परीक्षण गराएका थिए । उनको सानेपास्थित स्टार हस्पिटलमा स्वाब परीक्षण गरिएको र त्यसको नतिजा नेगेटिभ आएपछि मात्र टोबागो उड्न सहज भएको व्यवस्थापक शिवाकोटीले बताए । सरकारले अन्तर्राष्ट्रिय हवाई उडान आगामी भदौ १ गतेदेखि मात्र खोल्ने निर्णय गरेका कारण केही समय सन्दीपले सीपीएल खेल्नेबारे अन्योल भएको थियो ।

सन्दीप सीपीएलका लागि यस पटक जमैका तल्लावाहजबाट अनुबन्धित भएका हुन् । उनलाई जमैकाले ९० हजार अमेरिकी डलरमा अनुबन्ध गरेको हो । सन्दीपले सीपीएल खेल्न लागेको यो तेस्रो पटक हो । उनले यसअघि सन् २०१८ मा पहिलो पटक सेन्ट किट्स एन्ड नेभिस पेट्रीयट्सबाट सीपीएल खेलेका थिए । त्यसका लागि उनलाई पाँच हजार अमेरिकी डलर पारिश्रमिक दिइएको थियो । उक्त प्रतियोगितामा उनले पाँच खेलमा सात विकेट लिएका थिए ।

यस्तै दोस्रो पटक सन्दीपले सन् २०१९ मा बार्बाडोस ट्राइडेन्ट्सबाट सीपीएल खेलेका थिए । उनले गत वर्ष ७० हजार अमेरिकी डलर पारिश्रमिक प्राप्त गरेका थिए । सन्दीले सो प्रतियोगितामा छ खेलमा आठ विकेट लिएका थिए । यसपटक सन्दीपको टोलीमा विश्व क्रिकेटका प्रख्यात खेलाडी आन्द्रे रसेल, कार्लोस ब्रेथवेट, तरबेज शाम्सी, ओशन थोमसलगायत छन् । उनी आबद्ध जमैका तलावाजले आगामी भदौ ३ गते सेन्ट लुसिया जौक्ससित खेल्नेछ ।

सिपिएलका लागि विश्वका २३ देशका ५३७ खेलाडीले नाम दर्ता गराएका थिए । सीपीएलमा जमैकासँगै बार्बाडोस ट्रिडेन्ट्स, ट्रिनबागो नाइट राइडर्स, गुएना अमेजन वारियर्स, सेन्ट लुसिया जौउक्स र सेन्ट किट्स एण्ड नेभिस प्याट्रिओट्सले प्रतिस्पर्धा गर्नेछन् । सीपीएलमा कुल ३३ खेल हुने छन् भने कारोना भाइरसका कारण ती सबै खेल बिना दर्शक खेलाइने आयोजकले जनाएको छ । सीपीएल आगामी भदौ २५ गतेसम्म चल्ने छ ।

सन्दीप टोबागोबाट सोझै इन्डियन प्रिमियर लिग (आईपिएल) खेल्न असोज दोस्रो साता युनाईटेड अरब इमिरेटस् जानेछन् । यसपटक १३औं संस्करणको आईपीएल आगामी सेप्टेम्बरदेखि युएईमा शुरु हुँदैछ । कोरोना भाइरसका कारण यसपटक आईपीएल भारतमा आयोजना गर्न नसकिएको हो । आईपीएल युएईमा आयोजना गर्न भारत सरकारले आयोजकलाई आइतबार अनुमति दिएपछि सो प्रतियोगिता हुने पक्का भएको हो । सन्दीपले आईपीएल दिल्ली क्यापिटल्सबाट खेल्नेछन् । उनले आईपीएल खेल्न लागेको यो तेस्रो पटक हो । यसअघिका दुई संस्करण पनि उनले दिल्ली टोलीबाटै खेलेका थिए ।




# 'पद ओगट्न आएको हैन'



**काठमाडौं, मस–** राष्ट्रिय खेलकुद परिषद्का नवनियुक्त सदस्य सुवास श्रेष्ठले आफू परिषद्मा पद ओगट्न र राजनीति गर्न नभइ खेलकुदको विकासमा सहयोग गर्न आएको बताएका छन् ।

उनकै सम्मानमा नेपाल ब्याडमिन्टन संघले सोमबार आयोजना गरेको बधाइ तथा स्वागत कार्यक्रममा सदस्य श्रेष्ठले उक्त धारणा राखेका हुन् ।

श्रेष्ठलाई नेपाल ब्याडमिन्टन संघले राखेपको सदस्यमा मनोनयन गर्न युवा तथा खेलकुद मन्त्रालयमा सिफारिस गरेको थियो । साउन १५ गते खेलकुद मन्त्रालयले श्रेष्ठसहित ६ जनालाई राखेपको सदस्यमा मनोनयन गरेको थियो । श्रेष्ठ नेपाल ब्याडमिन्टन संघका उपाध्यक्ष हुन् ।

श्रेष्ठले चार वर्षे कार्यकालमा खेलकुद र खेलाडीको हितमा उदाहरणीय काम गर्ने बताउदै नेपाल ब्याडमिन्टन संघले आफूलाई सिफारिस गरेकोमा गर्व महशुश गर्ने वातावरण सिर्जना गर्ने प्रतिबद्धता जनाए ।

ब्याडमिन्टन संघका अध्यक्ष रामजीबहादुर श्रेष्ठले खेलकुदलाई माया गर्ने उपाध्यक्ष श्रेष्ठ राखेपको बोर्ड सदस्य हुनु संघका लागि गर्वको विषय भएको बताउदै श्रेष्ठबाट धेरै आशा गरिएको धारणा व्यक्त गरे ।

ब्याडमिन्टन खेलाडी श्रेष्ठ विगत २५ वर्षदेखि ब्याडमिन्टनमा संलग्न छन् । श्रेष्ठ ४५ वर्षमाथि उमेरसमूहको डबल्स च्याम्पियन हुन् । उनले पार्टनर भूमिबहादुर गुरुङसंग मिलेर करिब २४ डबल्स उपाधि जितेका छन् । उनले स्विडेन र भारतमा भएको मास्टर्स ब्याडमिन्टन च्याम्पियनसिप पनि खेलेका छन् । श्रेष्ठ र भूमिको जोडी ४५ वर्षमाथि उमेरसमूहमा वर्तमान नम्बर वान हुन् ।

# आईपीएल सेप्टेम्बरमा युएईमा हुने पक्का




**काठमाडौं, एजेन्सी–** भारतको चर्चित क्रिकेट लिग आईपिएल युएईमा हुने पक्का भएको छ । संयुक्त अरब इमिरेट्समा प्रतियोगिता आयोजना गर्न भारत सरकारले अनुमित दिएसँगै प्रतियोगिता हुने निश्चित भएको हो ।

इन्डियन प्रिमियर लिग ट्वेन्टी ट्वेन्टी क्रिकेटको यो संस्करण युएईमा सेप्टेम्बर १९ देखि नोभेम्बर १० सम्म हुनेछ । आईपीएलको गभर्निङ बडीले आइतबार भारत सरकारबाट अनुमति पाएसँगै अब यसको सम्पूर्ण तयारी युएईमा केन्द्रित हुने भएको छ ।

प्रतियोगितामा सहभागी हरेक टिममा यस पटकदेखि २४ खेलाडी राख्न पाउने नयाँ नियम बनाइएको छ । प्रतियोगिताअन्तर्गत हरेक आइतबार दिनको दुई खेल हुनेछन् भने अन्य दिन एउटा मात्र खेल हुने छ । दर्शकको उपस्थितिबारे भने औपचारिक निर्णय हुन बाँकी छ ।

यूएई क्रिकेट बोर्डले आइपीएलका बेला ३५ प्रतिशत दर्शक राख्न सरकारसँग प्रस्ताव गर्ने बताएको छ । यस विषयमा भने पछि निर्णय हुने जनाइएको छ ।

यसैबीच, आइपीएलका बेला क्वारेन्टिनमा बस्ने सबै खेलाडीको १४ दिनमा चार पटक पीसीआर परिक्षण हुने भएको छ । बीसीसीआईले जारी गरेको नयाँ नियममा आइपीएल खेल्न जाने सबै खेलाडीको चार पटक परिक्षण हुने भएको छ । यसका साथै ड्रेसिङ रुपमा खेलाडीको संख्यापनि सिमित राखिने भएको छ । खेलाडीको मात्र होइन, उनीहरुको श्रीमती, गलफ्रेन्ड, टिम मालिकले पनि बायो सेक्योर प्रोटोकल नियम पालना गर्नुपर्ने छ ।

यदि बीसीसीआईले जारी गरेको नियम तोडेमा त्यहि अनुसार कारवाहि हुने बताइएको छ ।

## राईलाई आर्थिक सहयोग



**काठमाडौं, मस–**सल्यान जिल्ला खेलकुद विकास समितिका एथलेटिक्स सहायक प्रशिक्षक रविनकुमार राईलाई स्वास्थ्य उपचारका लागि आर्थिक सहयोग प्रदान गरिएको छ ।

राईलाई कर्णाली स्पोर्ट्स क्लबले १० हजार तथा जुम्ला एथलेटिक्स संघ र कीर्तिमानी पूर्व धावक ओलम्पियन हरिबहादुर रोकायाले समान ५-५ हजार नगद सहयोग प्रदान गरेका हुन् । राई हाल काठमाडौं रिसर्च सेन्टरमा उपचार गराइ रहेका छन् । राईलाई क्लबका संस्थापकद्वय उमेश रोकाया र यज्ञप्रसाद देवकोटाले रकम हस्तान्तरण गरे ।


**भुमे गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**खाबाङबगर, रूकुम (पूर्व)**
**५ नं. प्रदेश, नेपाल**

**प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मितिः २०७७/०४/२०)**

भूमे गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम तथा **भूमे गाउँपालिकाको खानेपानी, सरसफाई तथा रणनीतिक कार्य योजना, २०७५** बमोजिम आ.व. २०७७/०७८ मा तोकिएका वडा तथा टोलहरुलाई पूर्ण सरसफाई उन्मुख टोल घोषणाका लागि तोकिएका क्रियाकलापहरु कार्यान्वयन गर्नका लागि इच्छुक तथा योग्य संघ संस्थाहरुले यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र संस्था दर्ता प्रमाणपत्र, अघिल्लो आ.व. सम्मको कर चुक्ता प्रमाणपत्र, संस्थाको प्रोफाइल र तोकिएको ढाँचामा प्रस्ताव पेश गर्नुहुन अनुरोध छ ।

**तपशिल**

| क्र.सं. | कार्यक्रमको नाम | स्वीकृत बजेट रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | खानेपानी, सरसफाई तथा रणनीतिक कार्य योजना कार्यान्वयन | १५,००,०००।- | |

कार्यक्रम सम्बन्धी थप जानकारी तथा छनौट प्रक्रिया, गर्नुपर्ने क्रियाकलाप, काम गर्ने क्षेत्र, न्यूनतम् शर्त सम्बन्धमा थप जानकारीका लागि गाउँ कार्यपालिकाको वेबसाइट www.bhumemun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

म.क्षे.हु.नि.द.नं. ३३/०७६/०७७



विद्युत् प्राधिकरणका आयोजनाको भौतिक प्रगति ८२ प्रतिशतमाथि

# थप १५ जिल्ला पुर्ण विद्युतीकरण

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ साउन



नेपाल विद्युत् प्राधिकरणद्वारा सञ्चालित विद्युत् उत्पादन, प्रसारण र वितरणतर्फका आयोजनाले गत आर्थिक वर्ष २०७६/७७ मा ८१.२३ प्रतिशत वित्तीय प्रगति हासिल गरेका छन्। ती आयोजनाको समग्र भौतिक प्रगति ८२.२९ प्रतिशत छ।

नेपाल सरकार, वैदेशिक र प्राधिकरणको स्रोतबाट सञ्चालित आयोजनामा गत आवका लागि रु ५८ अर्ब ४ करोड विनियोजन गरिएकोमा रु ४७ अर्ब १४ करोड खर्च भएको हो। विद्युत् पहुँच बढाउन र उपभोक्तालाई भरपर्दो तथा गुणस्तरीय सेवा आपूर्तिका लागि वितरणलाइन विस्तार, सुदृढिकरण र स्तरोन्नतिमा छुट्टयाइएको बजेटको खर्च ९२ प्रतिशत छ।

विश्वव्यापी महामारी कोभिड-१९का कारण निर्माणाधीन आयोजनाको काम प्रभावित हुँदासमेत समग्र वित्तीय र भौतिक प्रगति उत्साहजनक नै रहेको प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले बताए। "वन क्षेत्रको जग्गा प्रयोगमा रहेको प्रक्रियागत झन्झटका कारण सिर्जित समस्या, जग्गा अधिग्रहणको समस्या, प्रसारण तथा वितरण लाइनमा भइरहेको अवरोध सबै आयोजनाले व्यहोरिरहेका साझा समस्या हुन्, गत आवका चार महिना कोभिड-१९ का कारण आयोजनाको निर्माणमा चैतर्फी प्रभाव पर्‍यो", उनले भने।

लकडाउनमा पनि स्वास्थ्यसम्बन्धी सुरक्षात्मक मापदण्ड अपनाएर आयोजनाको निर्माण सुचारु गर्ने सरकारको निर्णयपछि ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुन, सचिव दिनेशकुमार घिमिरेको सहजीकरण एवं सक्रियता र गृह मन्त्रालयको सहयोगले अप्ठ्यारो परिस्थितिमा पनि आयोजनाको काम अगाडि बढाउन सकिएको उनको भनाइ छ।

कोभिड-१९को महामारी नआएको भए आयोजनाको वित्तीय र भौतिक प्रगति अझै बढ्ने अवस्था रहेको उल्लेख गर्दै उनले अझै पनि आयोजनाको काम पूर्ण रुपमा हुन नसकेको बताए। गत आवमा विद्युत् आयोजनाको उत्पादनतर्फ रु सात अर्ब ८० करोड विनियोजन भएकामा रु पाँच अर्ब ५३ करोड खर्च भएको छ।

उत्पादनतर्फका आयोजनाको खर्च र भौतिक प्रगति क्रमशः ७०.८२ र ७६.८३ प्रतिशत छ। उत्पादनतर्फ जलविद्युत् आयोजनाको निर्माण, मर्मतसम्भारलगायत कार्य पर्दछन्। गत आवमा निजी क्षेत्रका १५ आयोजना निर्माण सम्पन्न भई १३५ मेगावाट विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा थपिएको छ।

प्राधिकरणले एक हजार ६१ मेगावाटको माथिल्लो अरुण, ६३५ मेगावाटको दूधकोशी, माथिल्लो मोदी ए, तामाकोशी पाँचौं जलविद्युत्लगायत आयोजनाको विस्तृत अध्ययन गरिरहेको छ। अध्ययनका लागि रु एक अर्ब ९५ करोड विनियोजन गरिएकोमा २६.४८ प्रतिशत मात्रै खर्च भएको छ। ती आयोजनाको भौतिक प्रगति ३३.३९ प्रतिशत छ। कोभिड-१९का कारण आयोजनाको अध्ययन प्रभावित भएको कार्यकारी निर्देशक घिसिङले जानकारी दिए।

प्राधिकरणको सहायक कम्पनीमार्फत ४५६ मेगावाटको माथिल्लो तामाकोशी र १४० मेगावाटको तनहुँ जलविद्युत् आयोजना निर्माणाधीन छन्। माथिल्लो तामाकोशीको निर्माण यसवर्ष सक्ने लक्ष्य राखिएको छ।

प्रसारण लाइनतर्फ रु २६ अर्ब ४८ करोड विनियोजन गरिएकोमा रु १९ अर्ब ५२ करोड खर्च भएको छ। प्रसारण लाइनतर्फ छ आयोजनाबाट २८५ सर्किट किलोमिटर प्रसारणलाइन थपिएको छ। प्रसारण लाइनतर्फ कोसी, सोलु, कालीण्डकी, मर्स्याङ्दी करिडोर, सिङ्गटी लामोसाँघु, चिलिमे-त्रिशूली ३ बी हब, हेटौँडा-ढल्कबर-इनरुवा, मर्स्याङ्दी-काठमाडौं, तामाकोशी-काठमाडौंलगायत आयोजना निर्माणाधीन छन्।

सबै आयोजनाले प्रसारण लाइन रुटको दायाँबायाँमा पर्ने वन क्षेत्रको जग्गा प्रयोग र निजी जग्गाको क्षतिपूर्तिको समस्या, रुट परिवर्तन गर्न माग गर्दै स्थानीयवासीको अवरोध, ऐलानी जग्गाको उपयोग गर्दा मुआब्जा दिने/नदिने नीतिगत अन्योलता जस्ता समस्या सबै आयोजनाले झेलिरहेको कार्यकारी निर्देशक घिसिङको भनाइ छ।

७७ जिल्लामध्ये १५ मा पूर्ण विद्युतीकरण भएको छ। गत आवमा ११ जिल्लालाई पूर्ण विद्युतीकरण गरिएको हो। यसअघि पर्वत, स्याङ्जा, काठमाडौं र भक्तपुरलाई पूर्ण विद्युतीकरण गरिएको थियो। गत आवमा धनकुटा, सुनसरी, सिराहा, धनुषा, महोत्तरी, बारा, पर्सा, नुवाकोट, कपिलवस्तु, गुल्मी र वर्दियालाई पूर्ण विद्युतीकरण गरिएको हो।

# सिटिजन्स बैंकको नयाँ शाखा मुगुको गमगढीमा




**काठमाडौं/मस**–सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले शाखा विस्तार गर्ने क्रममा सोमबार गमगढी शाखा संचालनमा ल्याएको छ। कोभिड-१९ का कारण पर्न सक्ने सम्भावित असर एवं लकडाउनलाई मध्यनजर गर्दै सम्पूर्ण सुरक्षात्मक उपायहरू अवलम्बन गरी बैंकले पूजा पाठ गरी मुगु जिल्लाको गमगढी शाखा संचालनमा ल्याएको बैंकले जनाएको हो।

नेपाली जन माझ आफ्नो उपस्थितिलाई दरो बनाउन तथा आम नागरिकलाई अत्यावश्यक वित्तीय सेवाको पहुँच प्रदान गर्ने उद्देश्यका साथ बैंकले उत्त शाखा विस्तार गरेको हो। यस शाखा मार्फत ग्राहकहरुको वित्तीय आवश्यकता पुरा गर्न रिटेल बैकिंग सेवा प्रदान गर्नुका साथै साना तथा लघु व्यवसायीहरुमाझ वित्तीय पहुँच पुऱ्याँउने लक्ष्य बैंकले राखेको छ।

सुविधाजनक बचत खाता योजना, मुद्दती निक्षेप योजना, घर तथा सवारी कर्जा, साना व्यवसायी कर्जा, लगायतका वित्तीय सेवाहरु छिटो, छरितो, चुस्त र दुरुस्त रूपमा ग्राहकहरुलाई प्रदान गर्ने प्रतिबद्धता बैंकले व्यक्त गरेको छ।

विश्वभरी फैलिएको कोरोना भाइरसले सृजना गरेको बिषम परिस्थितिको बाबजुद पनि कर्जालाई सरल र सहज तरिकाले ग्राहक सामु पस्कने उद्देश्यका साथ बैंकले घर कर्जा ९.५०५ वार्षिक ब्याजदरमा एसएमई कर्जा (साना तथा मझौला कर्जा) ९.५०५ वार्षिक ब्याजदरमा र मोर्टगेज लोन (व्यक्तिगत कर्जा) १०.९९५ वार्षिक ब्याजदरमा प्रवाह गर्ने योजना देशै भरी छरिएका बैंकका ११० शाखाहरुबाट संचालनमा ल्याएको छ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी फैलिएका आफ्ना ११० वटा शाखा, ९८ वटा ए.टि.एम. र १०४ वटा शाखा रहित बैंकिङ्ग एकाईहरुबाट करिव साढे ६ लाख ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरु प्रदान गर्दै आएको छ।

विश्वका अधिकांश मुलुकहरु कोरोना भाइरसको महामारीबाट आक्रान्त बनेको अवस्थामा यस बैंकले सावधानी पूर्वक आफ्ना आदरणीय ग्राहक महानुभावहरुको वित्तीय आवश्यकताहरु चुस्त दुरुस्त, छिटोछरितो तवरले प्रदान गर्न हर सम्भव प्रयाश गरिरहेको छ।

नविनतम प्रविधिको अधिकतम प्रयोगगर्दै बैंकललकडाउनको अवधिमा पनि ग्राहकहरुको सुविधाका लागि अत्यावश्यक सेवाहरु जस्तोः नगद राख्ने झिक्ने सुविधा, रेमिट्यान्स, क्लियरिङ, एलसी, ग्यारेन्टी, टीटीलगायतका सेवाहरु प्रदान गर्दै आएको छ।

बैंकले सातै प्रदेशमा रहेका शाखाहरु मध्ये केही शाखाबाट प्रत्येक दिन बैंकिङ्ग सेवा दिँदै आएको छ। कोरोना भाइरस महामारीको जोखिम न्यूनिकरणका लागि नेपाल सरकारले गरेको रोकथाम तथा नियन्त्रणको प्रयासलाई टेवा पुर्याउने उद्देश्यले बैंकले इन्टरनेट तथा मोबाइल बैंकिङ्ग लगायतका विद्युतिय माध्यमबाट गरिने भुक्तानीका सबै सेवाहरू निःशुल्क गरेको छ।

साथै यस बैंकको ए.टि.एम कुनै पनि बैंकको ए.टि.एम मा प्रयोग गर्दा शुल्क नलाग्ने व्यवस्था गरेको छ।

# ग्लोबल आइएमई बैंकद्वारा थप २ नयाँ शाखारहित बैंकिङ्ग सेवाको शुरुवात

**काठमाडौं/मस**–ग्लोबल आइएमई बैंकले झापाको साधुटार र खोटाङको जल्पामा नयाँ शाखारहित बैंकिङ्ग सेवा सञ्चालनमा ल्याएको छ। बैंकले झापा जिल्लाको अर्जुनधारा नगरपालिका वडा नं. १, साधुटार र खोटाङ जिल्लाको दिक्तेल रुपाकोट मझुवागढी गाँउपालिका वडा नं. १२, जल्पामा शाखारहित बैंकिङ्ग सेवाको शुरुवात गरेको हो।

यी दुई शाखारहित बैंकिङ्ग सेवा सहित बैंकको शाखारहित बैंकिङ्ग सेवा संख्या २०३ पुगेको छ। शाखारहित बैंकिङ्ग सेवाबाट देशका विभिन्न ग्रामीण क्षेत्रका स्थानिय बासिन्दाले स्थानिय प्रतिनिधि मार्फत बैंकिङ्ग सेवा लिन सक्नेछन्। यसबाट निक्षेप खाता खोल्ने, तोकिएको सीमा सम्मको रकम जम्मा गर्ने तथा झिक्ने, आफ्नो खातामा रहेको मौज्दातको जानकारी लिने, कर्जाको व्याज भुक्तानी गर्ने, डिसहोम, सीडीएमए, युटिएल, एनटीसीको महसुल भुक्तानी गर्ने, मोबाइल रिचार्ज गर्ने लगायतका सेवा लिन सक्नेछन्।

कृषि, रेमिट्यान्स तथा पर्यटन मुख्य आयस्रोत रहेको यी क्षेत्रका बासिन्दाले बैंकिङ्ग सेवा उपभोग गर्नका लागि टाढा-टाढासम्म पुग्नुपर्ने बाध्यतालाई हटाउनको लागि ग्लोबल आइएमई बैंकले ति स्थानहरुमा शाखारहित बैंकिङ्ग सेवा शुरु गरेको छ।

ग्लोबल आइएमई बैंकले सबै क्षेत्र र वर्गसम्म बैंकिङ्ग सेवाको पहुँच पुऱ्याउने उद्देश्यले नेपालभर ७० वटा जिल्लामा फैलिएको २५७ शाखा, ३९ एक्सटेन्सन तथा राजश्व संकलन काउण्टर, २०३ शाखा रहित बैंकिङ्ग सेवा, २३४ एटिएम र देश बाहिर ३ अन्तर्राष्ट्रिय प्रतिनिधि/सर्म्पक कार्यालय मार्फत आफ्ना २० लाख भन्दा बढि ग्राहकहरु माझ सेवा प्रदान गर्दै आइरहेको छ। कोरोना (कोभिड-१९)ले त्रसित बनाइरहेको अवस्थामा पनि ग्राहकलाई निरन्तर बैंकिङ्ग सेवा प्रदान गर्न ग्लोबल आइएमई बैंक सदा तत्पर रहेको छ।

# नेप्सेमा सामान्य सुधार, १ अर्ब २९ करोड बढीको कारोबार



**काठमाडौं/मस**–साताको पहिलो दिन उच्च अङ्कको गिरावट आएको धितोपत्र बजारमा सोमबार उनले सामान्य सुधार देखिएको छ। नेपाल स्टक एक्सचेन्जका अनुसार सोमबार नेप्से ७.५९ अङ्कले बढेर एक हजार ४०३.८६ पुगेको छ।

यस्तै सेन्सेटिभ परिसूचक १.४७ अङ्कले बढेर २९४.२४ पुगेको छ। सोमबार कूल १९० कम्पनीका ५३ लाख ४२ हजार ५८१ कित्ता शेयर रु एक अर्ब २९ करोड दुई लाख २५ हजार २१३ मा खरिदबिक्री भए। सोमबार कारोबार भएका कूल १२ मध्ये तीन उपसमूहको शेयर ओरालो लागेको छ।

जलविद्युत् ३.५५ अङ्कले घट्दा वित्त ०.८४ र सामूहिक लागनी कोष ०.०६ अङ्कले घटेका छन्। यस्तै बैंकिङ ७.०५, व्यापार ९.४४, होटल ३३.७७, विकास बैंक ६.२४, निर्जीवन बीमा ४६.७१, उत्पादन ८.१५, अन्य ३.८२, लघुवित्त १५.७३ र जीवन बीमा ५८.७८ अङ्कले बढेका छन्।

कारोबार रकमका आधारमा सोमबार प्रभु बैंकको संस्थापक शेयर शीर्ष स्थानमा रह्यो। सो कम्पनीको शेयर रु ३४ करोड २९ लाख ६० हजार ५०० मा खरिदबिक्री भयो। यस्तै नेपाल पुनःबीमा कम्पनीको रु १० करोड चार लाख १७ हजार ६३९, नेपाल लाइफ इन्स्योरेन्सको रु छ करोड ३२ लाख १४ हजार ८८, एनआइसी एसिया बैंकको रु पाँच करोड १५ लाख ५१ हजार ७६६, एनएमबी बैंकको रु चार करोड ५५ लाख ७९ हजार ३४८ र नविल बैंकको शेयर रु तीन करोड ४९ लाख ३७ हजार ४४४ मा खरिद बिक्री भयो।

जोड इन्स्योरेन्सका लगानीकर्ताले सोमबार सर्वाधिक १० प्रतिशतले कमाए। यस्तै आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था ९.९२, नेपाल फाइनान्स ९.४६, नेपाल सेवा लघुवित्त वित्तीय संस्था ७.२७ र ग्रीन डेभलपमेन्ट बैंकका शेयरधनीले ६.५४ प्रतिशतले कमाए। दिव्यश्वरी हाइड्रोपावर प्रालिका शेयरधनीले ६.९० प्रतिशतले गुमाए। युनियन हाइड्रोपावर ६.५६, जोशी हाइड्रोपावर डेभलपमेन्ट ६.१५, छयाङ्दी हाइड्रोपावर ५.३८ र युनाइटेड फाइनान्सका लगानीकर्ता ५.३२ प्रतिशतले गुमाए।

# नेपाल बैंकको सस्तो ब्याजदरमा घरकर्जा सुविधा


**काठमाडौं/मस**– नेपाल बैंकले कम ब्याजदरमा ५ बर्षे घर कर्जा प्रदान गर्ने भएको छ। बैंकले बजारको माग र चाहना बमोजिम नेपालको बैंकिङ बजारमा कम ब्याजदर हुनेगरी पाँच बर्ष अवधिका लागी ७ दशमलव ९९ प्रतिशत ब्याजदरमा घरकर्जा प्रदान गर्ने भएको हो। घर निर्माण, घर खरिद तथा तला थप गर्न यस प्रकारको कर्जा प्रदान गरिनुका साथै अन्य बैंकमा रहेको घरकर्जा समेत स्वाप गर्ने सुविधा रहेको बैंकले जानकारी दिएको छ। बैंकका अनुसार यसको अतिरिक्त बैंकले नयाँ लघु उद्यम कर्जा, सम्बृद्ध ब्यवशाय कर्जा र घडेरी कर्जा योजनाहरु समेत सार्वजनिक गरेको छ। लघु उद्यम कर्जा तथा सम्बृद्ध ब्यबशाय कर्जा को वार्षिक ब्याजदर ८ दशमलव ९९ प्रतिशत रहेको छ। यस्तै उक्त ब्याजदर पनि उक्त प्रकृतिका कर्जाहरुमा बैंकिङ क्षेत्रकै न्युन ब्याजदर रहेको बैंकका दावी छ। यस प्रकारका कर्जाहरु प्राप्त गर्नका लागी सम्बन्धित निकायमा दर्ता भई नियमित रुपमा सञ्चालन भएका वा नयाँ सञ्चालन हुने क्रममा रहेका उद्योग वा व्यापार/व्यवसाय सञ्चालन तथा विस्तारको निमित्त २५ लाख देखी ९९ लाख रुपैयाँसम्मको लागी लघु उद्यम कर्जा लिन सकिने छ। साथै १ करोड देखी ३ करोड रुपैयाँसम्मको चालु तथा स्थिर पूँजी ब्यबस्थापनका लागी सम्बृद्ध ब्यबशाय कर्जा लिन सकिने बैंकले जानकारी दिएको छ। दुबै प्रकारका कर्जाहरु अर्न्तगत व्यवसायलाई आवश्यक पर्ने संरचना निर्माण, यन्त्र वा उपकरण, फर्निचर तथा फिक्स्चर्स खरिद गर्न स्थिर पूँजीकर्जा र चालु सम्पत्ती व्यवस्थापनको लागि चालु पूँजिकर्जा प्रदान गर्न सकिनेछ। लघु उद्यम कर्जा ग्राहकले आवश्यक सम्पूर्ण कागजात पेश गरेको ७ कार्य दिन भित्र निर्णय गरी प्रदान गर्न सकिने व्यवस्था रहेको छ। बैंकले घडेरी खरिद गरी घर निर्माण गर्ने उपभोक्तालाई लक्षित गरी बैंकले घडेरी कर्जा पनि ल्याएको छ, जस्को वार्षिक ब्याजदर ९ दशमलव ९९ प्रतिशत रहेको छ। घडेरी जग्गा खरिद गर्न र अन्य बैंक तथा वित्तिय संस्थाबाट लगानी भएको सोही प्रकारको कर्जा स्वाप गरी ग्राहकको आवसिय आवश्यकता पूरागर्न यो कर्जाको सुरुवात गरिएको हो। यस कर्जा अन्तर्गत खरिद गरिने घडेरी जग्गा कम्तिमा साढे दुई आना वा साढे चार धुर देखी बढीमा एक रोपनी वा डेढ कट्ठा सम्म क्षेत्रफल भएको हुनुपर्नेछ। यो कर्जाको अबधि ५ बर्ष देखी २० वर्ष सम्म कायम गरिएको छ।

# १५१ स्थानीय तहले अझै बजेटको विवरण उपलब्ध गराएनन्

**काठमाडौं/मस**– एक सय ५१ स्थानीय तहले अझै पनि पेश गरेको बजेट विवरण पठाएका छैनन्। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहलाई आर्थिक वर्ष २०७७/७८ को पेश गरेको बजेट विवरण पठाउन पटकपटक निर्देशन दिए पनि अझै पनि १५१ स्थानीय तहले बजेट विवरण नपठाएका हुन्।

मन्त्रालयका प्रवक्ता वसन्त अधिकारीका अनुसार अहिलेसम्म ६०२ स्थानीय तहले मात्र आफूले पेश गरेको बजेटको विवरण मन्त्रालयमा पठाएका छन्।

पेश नगर्ने स्थानीय तहमा प्रदेश नं १ का २२, प्रदेश नं २ का ६६, वाग्मती प्रदेशका २०, गण्डकी प्रदेशका १०, प्रदेश नं ५ का छ, कर्णाली प्रदेशका ५ र सुदूरपश्चिम प्रदेशका २२ वटा रहेका छन्। मन्त्रालयका प्रवक्ता अधिकारीले पुनःविवरण पठाउन निर्देशन दिएको बताए। गत असार १० गतेभित्र सबै स्थानीय तहले आव २०७७/७८ को बजेट पेश गरेका थिए। स्थानीय तहले पेश गरेको बजेट मन्त्रालयमा बुझाउनुपर्ने हुन्छ।




प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**